नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं.: ४२११२८९
इमेल: info@mod.gov.np
वेबसाइट: www.mod.gov.np

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण:

**सूचना सार्वजनिक गर्ने निकायको नाम:** रक्षा मन्त्रालय, सिंहदरबार काठमाडौं।

**सूचना सार्वजनिक गरेको अवधि:** २०८२ माघ देखि २०८२ चैत्र सम्म।

(क) रक्षा मन्त्रालयको स्वरूप र प्रकृति:

संविधान बमोजिम नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन एवम् राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमश: कार्यन्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व रहेको छ । उल्लेखित दायित्वहरूलाई पूरा गर्न संविधानले प्रदान गरेका अधिकारहरूको परिधिभित्र रही तथा राज्यका निर्देशक सिद्धान्तहरूबाट निर्देशित भई रक्षा मन्त्रालयले आफ्ना कार्यहरू सम्पादन गर्दै आइरहेको छ।

वि.सं. २००७ को राजनैतिक परिवर्तन पश्चात् सेना सम्बन्धी कार्य सम्पादनको लागि छुट्टै प्रशासनिक संयन्त्रको आवश्यकता महसुस गरिएअनुसार २००७ साल फागुनमा रक्षा मन्त्रालयको स्थापना भएको हो। यसको मुख्य जिम्मेवारी राष्ट्रको सम्प्रभुताको संरक्षण तथा बाह्य हस्तक्षेप र हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्नु रहेको छ। रक्षा मन्त्रालय अन्तर्गत नेपाली सेना रहेको छ।

रक्षा मन्त्रालयले मुलुकको राष्ट्रिय सुरक्षा, प्रतिरक्षा नीति तथा रणनीतिको तर्जुमा तथा कार्यान्वयन गर्नुका साथै नेपाली सेनाको प्रशासकीय नेतृत्वदायी संयन्त्रका रूपमा समेत विभिन्न कार्यहरू गर्दै आइरहेको छ।

राष्ट्रको सुरक्षा एवं प्रतिरक्षासम्बन्धी नीति, रणनीति तथा कानूनको तर्जुमा र कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियन्त्रण तथा निर्देशन गर्ने कर्तव्य पूरा गरी नेपाली सेनालाई देश र जनताको हितमा प्रभावकारी तवरले परिचालन गर्ने दायित्व राष्ट्रिय सुरक्षा परिषद् र रक्षा

मन्त्रालयको रही आएको छ। यस मन्त्रालयले नेपाली सेनाको कानूनी, प्रशासनिक, आर्थिक तथा व्यवस्थापकीय पक्षबारे नीतिगत निर्णय, अन्तर मन्त्रालय समन्वय र सहजीकरणका अतिरिक्त नेपाल सरकारबाट भएका सेनासम्बन्धी निर्णयहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनको जिम्मेवारी पनि वहन गर्दै आइरहेको छ।

संघीय गणतन्त्रात्मक शासन स्थापना पश्चात सेनाको आधुनिकीकरण र पुनःसंरचना, सेना र नागरिक सम्बन्ध जस्ता विषयहरूले शासकीय प्रणालीभित्र क्रमशः प्राथमिकता पाउँदै आएको छ। परिवर्तित राजनीतिक परिदृश्यसँगै रक्षा मन्त्रालयको नेतृत्वदायी र समन्वयकारी भूमिकालाई थप गतिशील र सुदृढ बनाउँदै लगिएको छ।

वि.सं. १८१९ मा गोरखाका राजा पृथ्वीनारायण शाहबाट ५ वटा कम्पनीहरू खडा गरी आधुनिक नेपाली सेनाको गठन प्रक्रिया शुरु भएको देखिन्छ । विभिन्न ऐतिहासिक कालखण्डहरूमा नेपाली सेनाले नेपाल र नेपालीको अस्तित्व, पहिचान, राष्ट्रिय स्वभिमान र स्वतन्त्रताको रक्षाको लागि नेपाल-अंग्रेज युद्ध, नेपाल-भोट युद्ध, पहिलो र दोश्रो विश्व युद्ध समेत लड्नु परेको ऐतिहासिक तथ्यहरू छन्। हाल नेपालको संघीयस्वरूप अनुसार नेपाली सेनाको संगठनात्मक स्वरूपमा परिवर्तन भई केन्द्रसहित देशको सबै प्रदेश एवम् सबै जिल्लामा तैनाथ रही नेपाली सेनाले राष्ट्रिय हितको संरक्षण र संबर्द्धनमा कार्यरत रहेको छ। हालका दिनहरूमा नेपाली सेना मूलतः बाह्य सुरक्षा, विपद् व्यवस्थापन, विकास निर्माण, प्रकृति संरक्षण, मुलुकको महत्वपूर्ण संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवं संयुक्त राष्ट्रसंघको आह्वान अनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता विभिन्न कार्यमा संलग्न रहँदै आएको छ। राष्ट्रिय पहिचान बोकेको ठूला र रणनीतिक महत्त्वका विकास निर्माण कार्यको सञ्चालन र विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिका प्रशंसनीय रहेको छ।

नेपालको संविधानको भाग २८, धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने व्यवस्था उल्लेख छ। राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने र संविधानको धारा २६६ बमोजिमको राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालन हुने संवैधानिक व्यवस्था छ।रक्षा मन्त्रालय र नेपाली सेनाको कार्यक्षेत्र मूलतः नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति, २०७५, राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ तथा सैनिक ऐन, २०६३ र सो अन्तर्गत बनेका नियमावली तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार निर्दिष्ट रहेको छ।

**(ख) रक्षा मन्त्रालयको काम, कर्तव्य र अधिकारः**

- साविकको काम, कर्तव्य र अधिकारमा कुनै परिवर्तन नभएको।

**(ग) रक्षा मन्त्रालयमा रहने कर्मचारीहरूको संख्या र कार्य विवरणः**

- मन्त्रालयको हालको स्वीकृत दरबन्दी संख्या ८३ रहेको।

**(घ) रक्षा मन्त्रालयवाट प्रदान गरिने सेवाः**

- राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- राष्ट्रिय तथा रणनीतिक सुरक्षा सम्बन्धी सूचना संकलन, विश्लेषण, सञ्चार प्रणाली एवम् सञ्जाल स्थापना, संचालन र व्यवस्थापन,
- राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
- सीमाक्षेत्रसम्बन्धी सूचना संकलन, विश्लेषण तथा उपयोग,
- नेपाली सेनाको गठन तथा परिचालन सम्वन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन,
- सैनिक व्यारेक तथा कार्यालय व्यवस्थापन,
- सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाशर्त, सैनिक तालिम तथा सुविधा,
- सैनिक प्रतिष्ठान (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
- हातहतियार, खरखजना तथा विस्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सो सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,
- सैनिक भण्डार,
- सैनिक हातहतियार र सामग्रीको खरिद र उत्पादन,
- नेपाली सैनिक विमान सेवा,
- सैनिक गुप्तचर विभाग,
- सैनिक निर्माणशाला,
- वारुदी सुरङ्ग निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- राष्ट्रिय सेवा दलको संगठन, तालिम र प्रशासन,
- विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
- सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकहरूको सुरक्षा,
- अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।

## १. महाशाखा र शाखाका कार्य विभाजनः

### १.१ प्रशासन महाशाखाः

- निजामती कर्मचारीहरूको व्यक्तिगत अभिलेख राख्ने तथा अद्यावधिक गर्ने कार्य,
- निजामती कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवासम्बन्धी कार्य र मन्त्रालयमा आवश्यक्तानुसार करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्य,
- स्वदेश तथा विदेशबाट प्राप्त छात्रवृत्ति/उच्च अध्ययन/तालिम/सेमिनार/गोष्ठी आदिमा निजामती र नेपाली सेनाका कर्मचारीहरूको छनौट/मनोनयन सम्बन्धी कार्य,
- नेपाली सेनामा नियुक्ति,पदस्थापना, सरुवा, पदोन्नति, पदावधि थप तथा राजिनामा सम्बन्धी कार्य,
- नेपाली सेना र अन्तर्गतका निकायहरूको संगठन तथा दरबन्दी संरचना सम्बन्धी कार्य,
- भर्ना छनौटमा कर्मचारी खटनपटन सम्बन्धी कार्य,
- कार्यालय सहयोगी र हलुका सवारी चालकको व्यवस्थापन सम्बन्धी कार्य,
- निजामती सेवा पुरस्कारको लागि निजामती कर्मचारीहरूको छनौट/मनोनयन गर्न आफ्नो राय सहित सचिव समक्ष पेश गर्ने कार्य,
- प्रशासकीय सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन सम्बन्धी कार्यहरू गर्ने/गराउने,
- नेपाल सरकारबाट भएका निर्यणहरू कार्यान्वयन गर्ने/गराउने,
- मन्त्रालय अन्तर्गत र नेपाली सेनाका सकल दर्जाहरूलाई विभूषण मनोनयन सम्बन्धी कार्य,
- सैनिक प्रतिष्ठान तथा तालिम संचालन सम्बन्धी कार्य,
- राष्ट्रिय सेवा दलको संगठन, प्रशासन र तालिम सम्बन्धी कार्य,
- जंगी अड्डाबाट प्राप्त हुने मानव संसाधन व्यवस्थापन विषयका अति गोप्य जाहेरी रिपोर्ट तथा प्रतिवेदनहरू र सोको आधारमा सम्बन्धित निकायहरूसँग समन्वय गर्ने कार्य,
- कर्मचारीहरूको दक्षता अभिवृद्धि सम्बन्धी कार्य,
- शासकीय सुधार सम्बन्धी सम्पूर्ण कार्य।

### १.१.१ कर्मचारी प्रशासन शाखाः

- निजामती कर्मचारीहरूको व्यक्तिगत अभिलेखहरू राख्ने तथा अद्यावधिक गर्ने कार्य,
- निजामती कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवा सम्बन्धी कार्य र मन्त्रालयमा आवश्यक्तानुसार सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र सम्पत्ति विवरण सम्बन्धी कार्य,
- मन्त्रालय र नेपाली सेनाको नियुक्ति,पदस्थापन,सरुवा,बढुवा एवं भर्ना छनौटमा कर्मचारी खटनपटन सम्बन्धी कार्य,

- मन्त्रालय, नेपाली सेना र अन्तर्गतका निकायहरूको संगठन तथा दरबन्दी संरचना सम्बन्धी कार्य,
- निजामती सेवा पुरस्कारको लागि मन्त्रालय र अन्तर्गत कार्यरत निजामती कर्मचारीहरूको मनोनयन सम्बन्धी कार्य गर्ने,
- विभूषणको लागि मन्त्रालय,अन्तर्गत र नेपाली सेनाका सकल दर्जाहरूलाई मनोनयन सम्बन्धी कार्य,
- प्रशासकीय सुपरिवेक्षण,अनुगमन तथा मुल्यांकन सम्बन्धी कार्यहरू गर्ने/गराउने,
- नेपाल सरकारबाट भएका निर्यणहरू कार्यान्वयन गर्ने/गराउने।

**१.१.२ शासकीय सुधार तथा मानव संसाधन विकास शाखाः**

- सैनिक प्रतिष्ठान तथा तालिम संचालन सम्बन्धी कार्य,
- राष्ट्रिय सेवा दलको संगठन,प्रशासन र तालिम सम्बन्धी कार्य,
- स्वदेश तथा विदेशबाट प्राप्त छात्रवृत्तिमा उच्च अध्ययन/तालिम/सेमिनार/गोष्ठी आदिमा नेपाली सेनाका कर्मचारीहरूको छनौट/मनोनयन सम्बन्धी कार्य,
- जंगी अड्डाबाट प्राप्त हुने मानव संसाधन व्यवस्थापन विषयका अति गोप्य जाहेरी रिपोर्ट तथा प्रतिवेदनहरू र सोको आधारमा सम्बन्धित निकायहरूसँग समन्वय गर्ने कार्य,
- कर्मचारी दक्षता अभिवृद्धिका लागि प्रशिक्षण सम्बन्धी कार्य,
- शासकीय सुधार सम्बन्धी सम्पूर्ण कार्य।

**१.२ योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखाः**

- राष्ट्रिय सुरक्षा नीति (National Security Policy) तथा प्रतिरक्षा नीति (Defence Policy) तर्जुमा,कार्यान्वयन सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गतका योजना/आवधिक योजना सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गतको वार्षिक कार्यक्रम तर्जुमा र स्वीकृत गराउने कार्य,
- चौमासिक तथा वार्षिक समीक्षा बैठक आयोजना तथा त्यसमा प्रस्तुत गर्नुपर्ने विषयको तयारी सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायबाट संचालित कार्यक्रम नीति तथा बजेट वक्तव्यको मासिक, द्वैमासिक चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने सम्बन्धी कार्य,
- मन्त्रालयस्तर तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्नुपर्ने विषय सम्बन्धी कार्य,
- नेपालको संविधानको धारा ५३ बमोजिमको प्रगति विवरण तयार गर्ने कार्य,
- सेनामा विद्यमान तथा दीर्घकालीन सैनिक सामग्री उत्पादन नीति (Defence Production Policy) सम्बन्धी कार्य,
- क्षतिपूर्ति तथा राहत प्रदान गर्ने सम्बन्धी कार्य,

- सैनिक कल्याणकारी योजना तर्जुमा सम्बन्धी कार्य,
- कल्याणकारी कोषको अनुगमन, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सोल्जर बोर्ड (भारत) तथा ब्रिटिश गोर्खा वेलफेयरको अर्डिनेशन कमिटी र पेन्सन क्याम्पहरूको व्यवस्थापनमा सहयोग पुऱ्याउने, स्वदेशी तथा विदेशी पेन्सनियर र भूतपूर्व सैनिक संगठन सम्बन्धी कार्य,
- सैनिक कल्याणकारी योजना,मन्त्रालय र अन्तर्गतका योजना/कार्यक्रमहरू प्रस्ताव एवं स्वीकृति, कार्यान्वयन तथा अनुगमन सम्बन्धी कार्य,
- सैन्य रणनीति तथा कार्ययोजना तर्जुमा विश्लेषण तथा अनुसन्धान सम्वन्धी कार्य,
- सेनाको कार्य सम्पादन संरचना आदिमा सुधारका क्षेत्रहरूको पहिचान गर्न अनुसन्धान गर्ने कार्य,
- सैनिक अस्पतालहरूको व्यवस्थापन सम्बन्धी नीतिगत कार्य,
- सैनिक कर्मचारीहरूको औषधोपचार र निवृत्तभरण सम्बन्धी नीतिगत कार्य,
- कार्यक्रम कार्यान्वयनको अनुगमन सम्वन्धी कार्य,
- रक्षा र सेनाको आधुनिकीकरण, क्षमता सुदृढीकरणका लागि अनुसन्धान सम्बन्धी कार्य,
- विभिन्न विषयमा निर्मित नीतिहरूको अभिलेख राख्ने कार्य,
- संयुक्त राष्ट्र संघको आव्हानमा शान्तिसेनामा सहभागी हुने नेपाली सेनाको प्रभावकारिता र आधुनिकीकरण सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति सेनामा सहभागी हुने नेपाली सेनाको मनोनयन, राहदानी र भिषा सिफारिश सम्बन्धी कार्य,
- संयुक्त राष्ट्रसंघ, अन्तराष्ट्रिय संघसंस्था, मित्रराष्ट्र लगायतसँग रहेको सम्बन्धको निरन्तरता तथा सुधार गर्दै लग्नु पर्ने क्षेत्रहरूको पहिचान तथा सिफारिश गर्ने सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति सेना परिचालन भएका क्षेत्रहरूको अनुगमन तथा अभिलेख सम्बन्धी कार्य,
- शान्ति सेनासँग सम्बन्धित जनशक्ति,तालिम ततसम्बन्धी स्रोतको अनुमान र समयवद्ध योजना तथा अनुगमन व्यवस्था सम्बन्धी कार्य,
- शान्ति सेना सम्बन्धमा नेपाली सेना UNDPKO तथा अन्य अन्तराष्ट्रिय संघ संस्थासंग समन्वय, प्रतिवेदन तथा अनुगमन गर्ने कार्य,
- अन्य वैदेशिक सम्पर्क र समन्वय सम्वन्धी कार्य,
- अन्तराष्ट्रिय रक्षासम्वन्ध सुदृढीकरण सम्वन्धी कार्य,
- नेपाल भारत सुरक्षा सम्बन्धी द्विपक्षीय परामर्श समूहको वैठक सम्बन्धी कार्य,
- भारत र चीनको द्विपक्षीय सीमा वैठक सम्बन्धी कार्य,
- विभिन्न निकायबाट प्राप्त सूचना एवं जाहेरी विश्लेषण गरी सम्बन्धित निकायमा सम्प्रेक्षण गर्नेकार्य,

- विपद् व्यवस्थापन सम्बन्धी रणनीति एवं कार्यनीति तयार गर्ने र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने कार्य,
- विभिन्न निकायहरूबाट प्राप्त सुरक्षा सम्बन्धी प्रतिवेदन अध्ययन गरी राय/प्रतिकृया दिने कार्य,
- विपद् संकट व्यवस्थापनका लागि सेवाप्रदायक वा विज्ञहरू, सरोकारवालाहरूको रोष्टर तयार गर्ने, उद्धार,राहतका लागि क्षेत्रहरूको पहिचान गरि क्षेत्रगत प्रोफाइल तयार गर्ने कार्य,
- दीर्घकालीन रूपमा विपद् तथा संकट व्यवस्थापनको लागि श्रोतसाधनको व्यवस्था गर्दै जाने,
- सूचना स्थिति विश्लेषण केन्द्र (Situation Analysis Centre) का रूपमा विकसित गर्दै लैजाने कार्य,
- विपद् व्यवस्थापन समन्वय र अनुगमन सम्बन्धी कार्य,
- दीर्घकालमा Emergency Operation Center को स्थापना र विकास गर्ने कार्य,
- नेपाली सेनाले संचालन गरेको उद्योग तथा पर्वतारोहण, वाकिटकी,फ्रिक्वेन्सी र संचार सम्बन्धी कार्य,
- मन्त्रालय भित्र कम्प्युटर नेटवर्किङ्को व्यवस्था र मन्त्रालय बाहिर आवश्यक लिंकको व्यवस्था गर्नेकार्य,
- मन्त्रालयको वेबपेज निर्माण, अद्यावधिक गर्ने तथा नेटवर्किङ्ग सम्बन्धी कार्य,
- कम्प्युटर नेटवर्किङ्ग कार्यमा सुरक्षा वर्गीकरण (Security Classification) को आधारमा विभिन्न नियुक्तिहरूलाई दिन सकिने Shared Drive को छुट्टाछुट्टै व्यवस्था सम्बन्धी कार्य,
- (Information Technology-IT) विशेषज्ञ र सल्लाहकारको भूमिका निर्वाह सम्बन्धी कार्य,
- कम्प्युटरको जडान (Installation) मर्मत संभार र पासवर्डको व्यवस्थापन सम्बन्धी कार्य।

### १.२.१ योजना तथा सैनिक कल्याण शाखाः

- राष्ट्रिय सुरक्षा नीति (National Security Policy) तथा प्रतिरक्षा नीति (Defence Policy) तर्जुमा,कार्यान्वयन सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गतका योजना/आवधिक योजना सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गतको वार्षिक कार्यक्रम तर्जुमा र स्वीकृत गराउने कार्य,
- चौमासिक तथा वार्षिक समीक्षा बैठक आयोजना तथा त्यसमा प्रस्तुत गर्नुपर्ने विषयको तयारी सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायबाट संचालित कार्यक्रम नीति तथा बजेट वक्तव्यको मासिक, द्वैमासिक चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने सम्बन्धी कार्य,

- मन्त्रालय स्तर तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्नुपर्ने विषय सम्बन्धी कार्य,
- नेपालको संविधानको धारा ५३ बमोजिमको प्रगति विवरण तयार गर्ने कार्य,
- सेनामा विद्यमान तथा दीर्घकालीन सैनिक सामग्री उत्पादन नीति (Defence Production Policy) सम्बन्धी कार्य,
- क्षतिपूर्ति तथा राहत प्रदान गर्ने सम्बन्धी कार्य,
- सैनिक कल्याणकारी योजना तर्जुमा सम्बन्धी कार्य,
- कल्याणकारी कोषको अनुगमन, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सैनिक कल्याणकारी योजना र मन्त्रालय र अन्तर्गतका योजना/कार्यक्रमहरू प्रस्ताव एवं स्वीकृति, कार्यान्वयन तथा अनुगमन सम्बन्धी कार्य,
- रक्षा रणनीति तयार गर्ने कार्य,
- सैन्य रणनीति तथा कार्य योजना तर्जुमा विश्लेषण तथा अनुसन्धान सम्बन्धी कार्य,
- सेनाको कार्य सम्पादन संरचना आदिमा सुधारका क्षेत्रहरूको पहिचान गर्न अनुसन्धान गर्ने कार्य,
- सैनिक अस्पतालहरूको व्यवस्थापन सम्बन्धी नीतिगत कार्य,
- सैनिक कर्मचारीहरूको औषधोपचार र निवृत्तभरण सम्बन्धी नीतिगत कार्य,
- कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य,
- सोल्जरवोर्ड (भारत) तथा ब्रिटिश गोर्खा वेलफेयरको अर्डिनेशन कमिटी र पेन्सन क्याम्पहरूको व्यवस्थापनमा सहयोग पुर्‍याउने, स्वदेशी तथा विदेशी पेन्सनियर र भूतपूर्व सैनिक संगठन सम्बन्धी कार्य,
- रक्षा र सेनाको आधुनिकरण, क्षमता सुदृढीकरणका लागि अनुसन्धान सम्बन्धी कार्य,
- विभिन्न विषयमा निर्मित नीतिहरूको अभिलेख राख्ने कार्य।

### १.२.२ शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाः

- संयुक्त राष्ट्रसंघ आव्हानमा शान्ति सेनामा सहभागी हुने नेपाली सेनाको प्रभावकारिता र आधुनिकीकरण सम्बन्धी कार्य,
- संयुक्त राष्ट्रसंघको आव्हानमा शान्तिसेनामा सहभागी हुने नेपाली सेनाको मनोनयन,राहदानी र भिषा सिफारिश सम्बन्धी कार्य,
- शान्ति सेनासँग सम्बन्धित स्वदेश तथा वैदेशिक तालिमहरूको स्वीकृति, मनोनयन,राहदानी र भिषा सिफारिस सम्बन्धी कार्य,
- संयुक्त राष्ट्रसंघ,अन्तराष्ट्रिय संघसंस्था,मित्रराष्ट्र लगायतसंगको सम्बन्धको निरन्तरता तथा बहुपक्षीय र द्विपक्षीय संयन्त्रहरूको बैठक सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति सेना परिचालन भएका क्षेत्रहरूको अनुगमन तथा अभिलेख सम्बन्धी कार्य,
- Defence Diplomacyसम्बन्धी कार्यहरू,

- शान्ति सेनामा सहभागी हुने जनशक्तिलाई तालिम प्रदान गर्ने तालिम केन्द्रहरूसंग समन्वय तथा अनुगमन सम्बन्धी कार्य,
- शान्ति सेना सम्बन्धमा UNDPKO तथा अन्य अन्तराष्ट्रिय संघ संस्थासंग समन्वय र अनुगमन सम्बन्धी कार्य,
- परराष्ट्र मन्त्रालयसँगको समन्वय तथा बैदेशिक सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- अन्तराष्ट्रिय रक्षा सम्बन्ध समन्वय तथा सुदृढीकरण सम्बन्धी कार्य,
- भारत र चीनको द्विपक्षीय सीमा बैठक सम्बन्धी कार्य।

### १.२.३ सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखाः

- विभिन्न निकायबाट प्राप्त सूचना एवं दैनिक जाहेरी विश्लेषण गरी विभिन्न निकायमा सम्प्रेक्षण गर्ने कार्य,
- विपद् व्यवस्थापन सम्बन्धी रणनीति एवं कार्यनीति तयार गर्ने र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने कार्य,
- विभिन्न निकायहरूबाट प्राप्त सुरक्षा सम्बन्धी प्रतिवेदन अध्ययन गरी राय/प्रतिकृया दिने कार्य,
- विपद् व्यवस्थापनका लागि सेवा प्रदायक वा विज्ञहरू, सरोकारवालाहरूको रोष्टर तयार गर्ने, उद्धार, राहतका लागि क्षेत्रहरूको पहिचान गरि क्षेत्रगत प्रोफाइल तयार गर्ने कार्य,
- दीर्घकालीन रूपमा विपद् तथा संकट व्यवस्थापनको लागि स्रोतसाधनको व्यवस्था गर्दै जाने,
- सूचना स्थिति विश्लेषण केन्द्र (Situation Analysis Centre) का रूपमा विकसित गर्दै लैजाने कार्य,
- सुरक्षा परिषद्बाट प्राप्त जाहेरी विश्लेषण गरी अभिलेख राख्ने र सम्बन्धित निकायमा सूचना संप्रेषण गर्ने कार्य,
- विपद् व्यवस्थापनको समन्वय र अनुगमन सम्बन्धी कार्य,
- दीर्घकालमा Emergency Operation Center को स्थापना र विकास गर्ने कार्य,
- नेपाली सेनाले संचालन गरेको उद्योग तथा पर्वतारोहण, वाकिटकी, फ्रिक्वेन्सीर संचार सम्बन्धी कार्य,
- मन्त्रालय भित्र कम्प्युटर नेटवर्किङको व्यवस्था र मन्त्रालय वाहिर आवश्यक लिंकको व्यवस्था गर्ने कार्य,
- मन्त्रालयको वेभपेज निर्माण, अद्यावधिक गर्ने तथा नेटवर्किङ्ग सम्बन्धी कार्य,
- कम्प्युटर नेटवर्किङ्ग कार्यमा सुरक्षा वर्गिकरण (Security Classification) को आधारमा विभिन्न नियुक्तिहरूलाई दिन सकिने Shared Drive को छुट्टाछुट्टै व्यवस्था सम्बन्धी कार्य,
- Information Technology(IT)विशेषज्ञ र सल्लाहकारको भूमिका निर्वाह सम्बन्धी कार्य,
- कम्प्युटरको जडान (Installation) मर्मत संभार र पासवोर्डको व्यवस्थापन सम्बन्धी कार्य।

१.३ कानून महाशाखाः

- रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्सँग सम्बन्धित ऐन कानूनहरूको तर्जुमा, संशोधन तथा सुधारको लागि मस्यौदा तयार गर्ने तथा कानूनी परामर्श सम्बन्धी कार्य,
- राष्ट्रिय सुरक्षा नीति तर्जुमा सम्बन्धमा कानूनी पक्षबाट हेर्ने कार्य,
- रक्षा मन्त्रालयलाई विपक्षी बनाइएका रिट निवेदनमा लिखित जवाफ तयार गर्ने कार्य,
- आवश्यकता अनुसार नेपाली सेनाको बढुवा तथा म्याद थप र अन्य विषयमा कानूनी परामर्श प्रदान गर्ने कार्य,
- राजपत्रमा प्रकाशित हुने सूचनाको मस्यौदा तयार गर्ने कार्य,
- सैनिक अदालतका फैसलाहरू सदर गर्ने तथा सैनिक अदालत बोलाउने विषयको निर्देशन सम्बन्धी कार्य,
- द्विपक्षीय, बहुपक्षिय सन्धि सम्झौता सहमति (MOU, Agreement) को मस्यौदा गर्ने कार्य,
- सैनिक विशेष अदालतबाट सैनिक अनुसन्धान समितिसंग समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- मन्त्रालयलाई आवश्यक पर्ने कानून, तथा कानूनी लिखित र सन्धिको अनुवादमा सहयोग गर्ने कार्य,
- सैनिक कल्याणकारी योजनाका विषयमा कानूनी परामर्श दिने कार्य,
- नेपाली सेना प्राड विवाकसँग सम्बन्धित अन्य कार्य,
- अदालतबाट भएका फैसलाहरू कार्यान्वयन गर्न लगाउने,त्यसको प्रतिवेदन गर्ने र सोको अनुगमन गर्ने कार्य,
- गुनासो व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाली सेना सम्बन्धमा परेका उजुरी, सिकायत सम्बन्धी कार्यहरूमा आफ्नो रायसुझाव सहित सचिव समक्ष पेश गर्ने कार्य,
- मन्त्रालय र अन्तर्गत निकायहरूबाट कानूनी राय माग भएका विषयमा राय उपलब्ध गराउने कार्य,
- मानव अधिकारका विषय गाँसिएको महासन्धि सम्बन्धी कार्य,
- मानवीय कानून लगायतका सबै जेनेभा महासन्धिसँग सम्बन्धित कार्य,
- मानव अधिकार आयोगका निर्णय कार्यान्वयन सम्बन्धी कार्य,
- UN लगायतका निकायमा पठाउनुपर्ने आवधिक प्रतिवेदनको तयारी सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघमा शान्ति सेनामा सहभागी हुने सैनिक व्यक्तिको मानव अधिकार र मानवीय कानून विषयको मुल्यांकन सम्बन्धी कार्य,
- नेपाली सेनामा मानव अधिकार र मानवीय कानून प्रवर्धनका लागि तालिम, गोष्ठी, सेमिनार आदि संचालन तथा अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार सम्बन्धी अभिलेख राख्ने कार्य,

- नेपाली सेना,मानव अधिकार निर्देशनालय सम्वन्धी कार्य,
- नेपाली सेनाले गरेका मानव अधिकार प्रवर्धन एवं संरक्षण सम्बन्धी कामको अनुगमन निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी कार्य,
- राष्ट्रिय मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय मानव अधिकार आयोग/सचिवालय (UNOHCHR and UNHCR) संग समन्वय, प्रतिवेदन तथा ती संस्थाबाट औंलाईएका मानव अधिकार उल्लघंन विषयको अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार तथा मानवीय कानूनहरूको अध्ययन, अनुमोदन तथा परिमार्जन सम्वन्धी कार्य,
- नेपाल पक्ष भएका विषयसँग सम्वन्धित मानवअधिकार अभिसन्धीहरूको कार्यान्वयनको अनुगमन तथा संयोजन सम्वन्धी कार्य,
- नेपाली सेना सम्वन्धमा परेका मानव अधिकार उल्लघंनका उजुरी, शिकायत सम्वन्धी कार्य।

## १.३.१ कानून तथा फैसला कार्यान्वयन शाखाः

- रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्सँग सम्वन्धित ऐन कानूनहरूको तर्जुमा, संशोधन तथा सुधारको लागि मस्यौदा तयार गर्ने तथा कानूनी परामर्श सम्वन्धी कार्य,
- राष्ट्रिय सुरक्षा नीति तर्जुमा सम्बन्धमा कानूनी पक्षबाट हेर्ने कार्य,
- रक्षा मन्त्रालयलाई विपक्षी बनाइएका रिट निवेदनमा लिखित जवाफ तयार गर्ने कार्य,
- आवश्यकता अनुसार नेपाली सेनाको बढुवा तथा म्यादथप र अन्य विषयमा कानूनी परामर्श प्रदान गर्नेकार्य,
- राजपत्रमा प्रकाशित हुने सूचनाको मस्यौदा तयार गर्ने कार्य,
- सैनिक अदालतका फैसलाहरू सदरगर्ने तथा सैनिक अदालत बोलाउने विषयको निर्देशन सम्वन्धी कार्य,
- द्विपक्षीय, बहुपक्षिय सन्धि सम्झौता सहमति (MOU, Agreement)को मस्यौदा गर्ने कार्य,
- सैनिक विशेष अदालतबाट सैनिक अनुसन्धान समितिसँगको समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- मन्त्रालयलाई आवश्यक पर्ने कानूनतथा कानूनी लिखित र सन्धिको अनुवादमा सहयोग गर्ने कार्य,
- सैनिक कल्याणकारी योजनाका विषयमा कानूनी परामर्श दिने कार्य,
- नेपाली सेना प्राड विवाकसँग सम्बन्धित अन्य कार्य,
- अदालतबाट भएका फैसलाहरू कार्यान्वयन गर्न लगाउने,त्यसको प्रतिवेदन गर्ने र सोको अनुगमन गर्ने कार्य,
- गुनासो व्यवस्थापन सम्वन्धी कार्य,

- नेपाली सेना सम्बन्धमा परेका उजुरी, सिकायत सम्बन्धी कार्यहरूमा आफ्नो राय सुझाव सहित सचिव समक्ष पेश गर्ने कार्य,
- मन्त्रालयका अन्य महाशाखा तथा शाखाहरू एवं जंगी अड्डाबाट कानूनी राय माग भएका विषयमा राय उपलब्ध गराउने कार्य।

### १.३.२ मानवअधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखाः

- मानव अधिकारका विषय गासिएको महासन्धि सम्बन्धी कार्य,
- मानवीय कानून लगायतका सबै जेनेभा महासन्धिसंग सम्बन्धित कार्य,
- मानव अधिकार आयोगका निर्णय कार्यान्वयन सम्बन्धी कार्य,
- UN लगायतका निकायमा पठाउनु पर्ने आवधिक प्रतिवेदनको तयारी सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघमा शान्ति सेनामा सहभागी हुने सैनिक व्यक्तिको मानव अधिकार र मानवीय कानून विषयको मुल्यांकन सम्बन्धी कार्य,
- नेपाली सेनामा मानव अधिकार र मानवीय कानून प्रवर्धनका लागि तालिम, गोष्ठी, सेमिनार आदि संचालन तथा अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार सम्बन्धी अभिलेख राख्ने कार्य,
- नेपाली सेना,मानव अधिकार निर्देशनालय सम्बन्धी कार्य,
- मानव अधिकारसँग गाँसिएका महासन्धिहरूको अनुमोदन, हस्ताक्षर तथा कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य,
- नेपाली सेनाले गरेका मानव अधिकार प्रवर्धन एवं संरक्षण सम्बन्धी कामको अनुगमन निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कार्य,
- राष्ट्रिय मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय मानव अधिकार आयोग/सचिवालय (UNOHCHR and UNHCR) सँग समन्वय, प्रतिवेदन तथा ती संस्थाबाट औंलाईएका मानव अधिकार उल्लंघन विषयको अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार तथा मानवीय कानूनहरूको अध्ययन, अनुमोदन तथा परिमार्जन सम्बन्धी कार्य,
- नेपाल पक्ष भएका विषयसँग सम्वन्धित मानवअधिकार अभिसन्धीहरूको कार्यान्वयनको अनुगमन तथा संयोजन सम्बन्धी कार्य,
- नेपाली सेना सम्बन्धमा परेका मानव अधिकार उल्लघंनका उजुरी, शिकायत सम्बन्धी कार्य,
- गुनासो व्यवस्थापन सम्बन्धी कार्य।

## १.४ व्यवस्थापन महाशाखाः

- मन्त्रालय अन्तर्गत निजामती तर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन, पेन्सन, उपदान तथा कर्मचारीहरूको हित, प्रोत्साहन एवं नेकीवदी, ठाडो, उजुरी सम्बन्धी कार्य,

- सूचना,परिपत्र, दर्ता चलानी, हाजिर रेकर्ड, जिन्सी नगद, मालसामान उपलब्धी, संचय र वितरण सम्बन्धी कार्य,
- विदेशी अतिथिहरूलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्न नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने कार्य,
- पुस्तकालय, Help Desk व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय भवनको मर्मत सम्भार, सुरक्षा, सरसफाईको व्यवस्थापन सम्बन्धी कार्य,
- जिन्सी निरीक्षण एवं पुराना सामानहरू लिलाम गर्ने कार्य,
- सभा, सम्मेलन, समारोह, बैठक आदीको व्यवस्थापन सम्बन्धी कार्य,
- सवारी साधन व्यवस्थापन सम्बन्धी कार्य,
- अतिविशिष्ट व्यक्तिहरूको सुरक्षा र त्यसको समन्वय सम्बन्धी कार्य,
- अतिविशिष्ट व्यक्तिहरूको सैनिक जहाज उपयोग व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाली सैनिक विमान सेवा (चार्टर सेवा समेत) सम्बन्धी समन्वय र व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय तथा नेपाली सेनाको सम्पति (चल अचल) को विवरण तयार गरि अभिलेखवद्ध गर्ने कार्य,
- जग्गा अधिग्रहण, भोगाधिकार तथा जग्गा सम्बन्धी कार्यहरू गर्ने/गराउने,
- नेपाली सेनाको लागि राशनको व्यवस्था गर्ने गराउने कार्य,
- दाना घाँस र अन्य सम्बन्धित सैनिक प्रयोगको घोडा खरिद सम्बन्धी कार्य,
- चाँदमारी क्षेत्रहरूको लगत/रेकर्ड व्यवस्थित राख्ने कार्य,
- शीलखाना व्यवस्थापन सम्बन्धी कार्य,
- नाप नक्सा, हवाई सर्वेक्षण सम्बन्धी कार्य,
- विभिन्न विषयमा निर्मित नीतिहरूको अभिलेख राख्ने कार्य,
- राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु आरक्षको सुरक्षा सम्बन्धी कार्य र नीतिंहरू तर्जुमा गर्ने कार्य,
- राष्ट्रिय सुरक्षा खरखजाना एवं विष्फोटक पदार्थहरूको नीतिगत व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाली सेनाले संचालन गरेका उद्योग सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत नेपाली सेनाको लागि विनियोजित बजेटको अख्तियारी, निकासा रोक्का तथा फुकुवा सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत नेपाली सेनाको लागि नियमित बजेट माग,परिचालन र समन्वय गर्ने कार्य,
- मन्त्रालयको केन्द्रीय तथा कार्य संचालन स्तरको लेखा सम्बन्धी कार्य,
- सार्वजनिक लेखा समिति र बेरुजु फर्छ्यौट सम्बन्धी कार्य,
- आर्थिक व्यवस्थापन सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य,
- जग्गाका मुआब्जा, राहत तथा क्षतिपूर्ति सम्बन्धमा आर्थिक व्यवस्थापन सम्बन्धी कार्य,

- मन्त्रालय र अन्तर्गत निकायहरूको आर्थिक प्रशासनको नियन्त्रण,अनुगमन सम्बन्धी कार्य,
- आर्थिक विवरण तयार गर्ने,
- मास्केवारी प्रतिवेदन निर्माण सम्बन्धी कार्य,
- रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूमा संचालित विभिन्न कोषहरूको परिचालन, वित्तिय व्यवस्थापनका सन्दर्भमा मन्त्रालयको सम्बन्धित शाखासँग समन्वय गरी नियन्त्रण, अनुगमन तथा समन्वय सम्बन्धी कार्य,
- सैनिक उपकरण व्यवस्थापन नीति (Military Equipment Management Policy) र वार्षिक सामानहरूको आपूर्ति सम्बन्धी नीति, नियम र जगेडा परिमाण नीति (Stocking Policy)आपूर्ति व्यवस्थापन (हेभी इक्यूपमेण्ट सवारी साधन तथा मेशिनरी औजार सेनाको लागि तत्काल र नियमित आपूर्ति भई रहनु पर्ने वाहेकका नियन्त्रित तथा अनियन्त्रित सामानहरू) सम्बन्धी योजना स्वीकृति र प्राप्ती सम्बन्धी कार्य,
- सेनामा विद्यमान तथा भावी सैनिक सामाग्रीहरू उत्पादन नीति (Defence Production Policy), योजना तथा कार्यक्रम सम्बन्धी कार्य,
- सैनिक सामाग्री उत्पादन निर्देशनालयको रेखदेख र उक्त निर्देशनालयका सम्बन्धमा मन्त्रालयबाट सम्पादन हुने समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सैनिक सामाग्रीहरूको आपूर्ति,सोको व्यवस्थापन, वितरण, भण्डारण तथा बेकम्मालाई सडाउने, धुल्याउने (Condemnation) सम्बन्धी कार्यहरूको लागि सहजीकरण गर्ने,
- सैनिक सामाग्रीहरूको उत्पादन र व्यवस्थापन सम्बन्धी मन्त्रालयबाट गरिने अन्य कार्यहरू,
- आपूर्ति व्यवस्थापन सम्बन्धी प्रकृयागत कार्यहरू मानिर्देशन दिने कार्य,
- संयुक्त राष्ट्र संघमा शान्ति सेना तैनाथी तथा बन्दोबस्ती सामग्रीको योजना र आपूर्ति सम्बन्धी कार्य,
- कन्ट्रोल आइटम भन्सार छुट,वि.मु. सटही,मूल्य अभिवृद्धिकर छुटको सम्बन्धमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- सूचीकृतको कारवाही एवं मालसामान झिकाउने र एल.सी. सम्बन्धी कार्य,
- विभिन्न निकायहरूबाट माग भए बमोजिम ड्रोन संचालन गर्न सहमति सम्बन्धी कार्य,
- मन्त्रालयबाट सम्पादन गर्नु पर्ने अन्य भैपरि आउने कार्य।

### १.४.१ आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखाः

- मन्त्रालय अन्तर्गत निजामती तर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन, पेन्सन, उपदान तथा कर्मचारीहरूको हित, प्रोत्साहन एवं नेकीवदी, ठाडो, उजुरी सम्बन्धी कार्य।
- सूचना, परिपत्र, दर्ता/चलानी, हाजिर रेकर्ड, जिन्सी, नगद, मालसामान उपलब्धी, संचय र वितरण सम्बन्धी कार्य।

- विदेशी अतिथिहरूलाई नेपाल भ्रमणको लागि निमन्त्रणा गर्न नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने कार्य,
- पुस्तकालय Help Desk व्यवस्थापन सम्बन्धी कार्य।
- मन्त्रालय भवनको मर्मत सम्भार, सुरक्षा, सरसफाईको व्यवस्थापन सम्बन्धी कार्य।
- जिन्सी निरीक्षण एवं पुराना सामानहरू लिलाम गर्ने कार्य।
- सभा, सम्मेलन, समारोह, बैठकआदिको व्यवस्थापन सम्बन्धी कार्य।
- सवारी साधन व्यवस्थापन सम्बन्धी कार्य,
- अति विशिष्ट व्यक्तिहरूको सुरक्षा र त्यसको समन्वय सम्बन्धी कार्य,
- अति विशिष्ट व्यक्तिहरूको सैनिक जहाज उपयोग सम्बन्धी व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाली सैनिक विमान सेवा (चार्टर सेवा समेत) सम्बन्धी समन्वय र व्यवस्थापन कार्य,
- मन्त्रालयबाट सम्पादन गर्नुपर्ने अन्य भैपरि आउने कार्य,
- मन्त्रालय तथा नेपाली सेनाको सम्पति (चल/अचल) को विवरण तयार गरि अभिलेखवद्ध गर्ने कार्य,
- जग्गा अतिक्रमण,भोगाधिकार तथा जग्गा सम्बन्धी कार्यहरू गर्ने,
- नेपाली सेनाको लागि राशनको व्यवस्था गर्ने गराउने कार्य,
- दाना घाँस र अन्य सम्बन्धित सैनिक प्रयोगको घोडा खरिद सम्बन्धी कार्य,
- चाँदमारी क्षेत्रहरूको लगत/रेकर्ड व्यवस्थित राख्ने कार्य,
- शीलखाना व्यवस्थापन सम्बन्धी कार्य,
- नाप नक्सा, हवाई सर्वेक्षण सम्बन्धी कार्य,
- विभिन्न विषयमा निर्मित नीतिहरूको अभिलेख राख्ने कार्य,
- राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु आरक्षको सुरक्षा सम्बन्धी कार्य र नीतिहरू तर्जुमा गर्ने कार्य,
- राष्ट्रिय सुरक्षा खरखजाना एवं विष्फोटक पदार्थहरूको नीतिगत व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाली सेनाले संचालन गरेका उद्योग सम्बन्धी कार्य,
- विभिन्न निकायहरूबाट माग भए बमोजिम ड्रोन संचालन गर्न सहमति सम्बन्धी कार्य,
- भारत र चीनको द्विपक्षीय सिमा सम्बन्धी दस्तावेजहरूको अभिलेख राख्ने कार्य।

### १.४.२ आर्थिक प्रशासन शाखाः

- मन्त्रालय र अन्तर्गत नेपाली सेनाको लागि विनियोजित बजेटको अख्तियारी दिने, अख्तियारी तथा निकासा रोक्का तथा फुकुवा सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत नेपाली सेनाको लागि नियमित बजेट माग,परिचालन र समन्वय गर्ने कार्य,
- मन्त्रालयको केन्द्रीय तथा कार्य संचालन स्तरको लेखा सम्बन्धी कार्य,
- सार्वजनिक लेखा समिति र बेरुजु फर्छ्यौट सम्बन्धी कार्य,
- अन्य शाखाहरूसँग समेत समन्वय गरी मन्त्रालयको आर्थिक व्यवस्थापन सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य,
- रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूमा संचालित विभिन्न कोषहरूको परिचालन, वित्तिय व्यवस्थापनका सन्दर्भमा मन्त्रालयको सम्बन्धित शाखासँग समन्वय गरी नियन्त्रण, अनुगमन तथा समन्वय सम्बन्धी कार्य,
- जग्गाका मुआब्जा,राहत तथा क्षतिपूर्ति सम्बन्धी कामको रकम वितरण तथा आर्थिक व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायहरूको आर्थिक प्रशासनको नियन्त्रण,अनुगमन सम्बन्धी कार्य,
- आर्थिक विवरण तयार गर्ने,
- मास्केवारी प्रतिवेदन निर्माण सम्बन्धी कार्य।

### १.४.३ खरिद व्यवस्थापन शाखाः

- सैनिक उपकरण व्यवस्थापन नीति (Military Equipment Management Policy) र वार्षिक सामानहरूको आपूर्ति सम्बन्धी नीति नियम र जगेडा परिमाण नीति (Stocking Policy) आपूर्ति व्यवस्थापन (हेभी इक्यूपमेण्ट सवारी साधन तथा मेशिनरी औजार सेनाको लागि तत्काल र नियमित आपूर्ति भई रहनुपर्ने बाहेकका नियन्त्रित तथा अनियन्त्रित सामानहरू) सम्बन्धी योजना स्वीकृति र प्राप्ती सम्बन्धी कार्य,
- सेनामा विद्यमान तथा भावी सैनिक सामग्रीहरू उत्पादन नीति (Defence Production Policy) योजना तथा कार्यक्रम सम्बन्धी कार्य,
- सैनिक सामाग्री उत्पादन निर्देशनालयको रेखदेख र उक्त निर्देशनालयका सम्बन्धमा मन्त्रालयबाट सम्पादन हुने समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सैनिक सामग्रीहरूको आपूर्ति,सोको व्यवस्थापन, वितरण, भण्डारण तथा वेकम्मालाई सडाउने, धुल्याउने (Condemnation) सम्बन्धी कार्यहरूको लागि सहजीकरण गर्ने,

- सैनिक सामग्रीहरूको उत्पादन र व्यवस्थापन सम्बन्धी मन्त्रालयबाट गरिने अन्य कार्यहरू,
- आपूर्ति व्यवस्थापन सम्बन्धी प्रक्रियागत कार्यहरूमा निर्देशन दिने कार्य,
- संयुक्त राष्ट्र संघमा शान्तिसेना तैनाथी तथा बन्दोबस्ती सामाग्रीको योजना र आपूर्ति सम्बन्धी कार्य,
- कन्ट्रोल आइटम भन्सारछुट, वि.मु.सटही, मूल्य अभिवृद्धि कर छुटको सम्बन्धमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- सूचीकृतको कारवाही एवं मालसामान झिकाउने र एल.सी. सम्बन्धी कार्य।

## (ङ) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

**महाशाखा/शाखा प्रमुखहरूः**

१. प्रशासन महाशाखा - सहसचिव - मनोज कुमार आचार्य - महाशाखा प्रमुख

   १.१. कर्मचारी प्रशासन शाखा - उपसचिव – भुवन पाण्डे - शाखा प्रमुख

   १.२. शासकीय सुधार तथा मानव संशाधन विकास शाखा -उपसचिव - खड्ग राज राई- शाखा प्रमुख

२. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा - सहसचिव – कृष्ण पौडेल - महाशाखा प्रमुख

   २.१. योजना तथा सैनिक कल्याण शाखा - उपसचिव - प्रेमप्रसाद न्यौपाने- शाखा प्रमुख

   २.२. शान्तिसेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा - उपसचिव - रामेश्वर पोखरेल - शाखा प्रमुख

   २.३. सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा - उपसचिव- सविता अर्याल - शाखा प्रमुख

३. कानुन महाशाखा - सहसचिव - बलसागर गिरी - महाशाखा प्रमुख (कानून)

   ३.१. कानुन तथा फैसला कार्यान्वयन शाखा - उपसचिव (कानून) - सम्झना खनाल - शाखा प्रमुख

   ३.२. मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा - उपसचिव - कुशला पौडेल - शाखा प्रमुख

४. व्यवस्थापन महाशाखा - सहसचिव - ज्ञानेन्द्र पौडेल - महाशाखा प्रमुख

   ४.१. आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा - उपसचिव - भिमकान्त पौडेल- शाखा प्रमुख

   ४.२. आर्थिक प्रशासन शाखा – उपसचिव (लेखा) - गायत्रीरमण खनाल - शाखा प्रमुख

   ४.३. खरिद व्यवस्थापन शाखा - उपसचिव - नवराज अधिकारी- शाखा प्रमुख

## (च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

प्रत्यक्ष जनसम्पर्क नहुने र नीतिगत निर्णय गर्ने कार्य मात्र सम्पन्न गर्ने हुँदा सम्बन्धित ऐनहरूमा तोकिएको प्रतिलिपि दस्तुर बाहेक अन्य दस्तुर नलाग्ने व्यवस्था छ। यस मन्त्रालयबाट सम्पादन हुने कार्यहरू एवम् प्रवाह गर्ने सेवाहरूलाई सूचना प्रविधिको समेत प्रयोग गरि छिटो छरितो रुपमा सम्पन्न हुने व्यवस्था मिलाइएको छ ।

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारः

प्रचलित कानून बमोजिम मन्त्री र सचिव तहबाट निर्णय हुने गरेको छ। यसका साथै अधिकार प्रत्यायोजन भए बमोजिम महाशाखा प्रमुखबाट समेत निर्णय हुने व्यवस्था मिलाइएको छ । निर्णय प्रक्रियामा अधिकृत तहदेखि टिप्पणी उठाउने र उपसचिवले राय सहित अघि बढाउने गरि अधिकृतदेखि सहभागी हुने व्यवस्था रहेको छ ।

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारीः

शाखामा शाखासँग सम्बन्धित कामहरूमा कुनै गुनासो भएमा महाशाखा प्रमुख, सचिव वा मन्त्रीज्यूबाट गुनासो सम्बोधन हुने गरेको। मन्त्रालय स्तरमा भएको निर्णयबाट कसैलाई कुनै मर्का पर्न गएमा र सो सम्बन्धमा सम्बन्धित पक्षबाट निवेदन/गुनासो प्राप्त भएमा आवश्यकतानुसार समिति गठन गरी सम्पादन/व्यवस्थापन गर्ने गरिएको छ ।

(झ) सम्पादन गरेको कामको विवरणः

रक्षा मन्त्रालय र अन्तर्गतको नेपाली सेनाबाट राष्ट्रिय सुरक्षा एवम प्रतिरक्षा सम्बन्धी विषयमा केन्द्रित भई कार्य सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त नेपालको संविधान (२०७२) को धारा २६७ (४) बमोजिम नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापनका अन्य कार्यमा परिचालन गर्न सक्ने व्यवस्था भए बमोजिम नेपाली सेनाद्वारा त्यस्ता कार्य समेत सम्पादन हुँदै आएका छन् ।

नेपाली सेनाले विपद् व्यवस्थापनमा खेलेको भूमिका सह्रानीय रहेको छ । साथै, नेपाल सरकारको निर्णय बमोजिम नेपाली सेनाद्वारा राष्ट्रिय गौरवको काठमाडौं/तराई-मधेश द्रुतमार्ग सडक सम्बन्धी आयोजना एवम चारवटा उत्तरदक्षिण कोरिडोर सडक निर्माणको कार्य हुँदै आइरहेको छ भने प्रकृति संरक्षण अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा र राष्ट्रपति चुरे संरक्षण सम्बन्धी कार्यक्रम समेत भईरहेको छ ।

१. रक्षा मन्त्रालयबाट सम्पादन भएका काम‌को विवरणः

प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | कर्मचारी प्रशासन शाखा | - नेपाल सरकारका मूख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८२/११/०४ र २०८२/९/७ गते तथा विगतमा भएका सचिव बैठकहरूबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रूपमा पठाइएको,<br>- यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८२ फागुन मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाको सिफारिस बमोजिम नियमित बढुवा, सरूवा, पदावधि थप, राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा १० जना, आयुक्त प्रदान १८० जना, सरूवा २९ जना, पदावधि थप ३ जना र राजीनामा ३१ जना),<br>- रक्षा मन्त्रालयको आ.व. २०८१/८२ को व्यवस्थापन परीक्षण सम्पन्न गरी २०८२ फागुनमा सोको प्रतिवेदन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालमा पठाइएको।<br>- रक्षा मन्त्रालयबाट सम्पादन गरिने १० वटा सुधारका क्रियाकलापको कार्ययोजनामध्ये बुँदा नं. ४- नेपाली सेनामा हुने भर्नाको पछिल्लो ५ वर्षको प्रवृत्ति विश्लेषण गर्दै भर्ना आकर्षण बढाउने सन्दर्भमा गर्नुपर्ने कानूनी तथा संरचनागत सुधारका विषयहरू पहिचान गर्न मिति २०८२।१२।२० गते कार्यदल गठन भई प्रक्रिया अगाडी बढेको।<br>- सबै महाशाखा/शाखामा कार्यरत कर्मचारीहरूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको ढाँचामा कार्यसम्पादन सूचक तयार गर्न पत्राचार गरिएको। |
| २ | शासकीय सुधार तथा मानव संसाधन विकास | - मन्त्रालयबाट निजामती कर्मचारीतर्फ स्वदेशमा ०४ जना एवं विदेशमा ०१ जना र नेपाली सेनातर्फ (सकलदर्जा) १५० जना |

| | | |
|---|---|---|
| | शाखा | (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप कार्यक्रम, भ्रमण, खेलकुद) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको। साथै मनोनित उम्मेदवारका आश्रित परिवारका सदस्य २५ जनाको लागि भिसा सिफारिस गरिएको,<br>- आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत "कर्मचारीको उत्प्रेरणा तथा मनोबल अभिवृद्धिका लागि सकारात्मक सोच, आध्यात्मिक चिन्तन, योग तथा ध्यान, पुनर्ताजगी कार्यक्रम" रक्षा सचिवज्यूको अध्यक्षता तथा जीवन विज्ञानका प्रशिक्षक श्री रमेश नेपालज्यूको समुपस्थितिमा मन्त्रालयका सम्पूर्ण कर्मचारीहरु सहभागी भई मिति २०८२/१०/१५ गते मन्त्रालयको सभाहलमा सम्पन्न गरिएको ।<br>- रक्षा मन्त्रालयको नयाँ "कार्यसम्पादन कार्यविधि (SOP), २०८२" तयार गरी मिति २०८२/१२/२५ गते सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यू समक्ष पेश भई स्वीकृत प्राप्त भएको । |

### योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | योजना तथा सैनिक कल्याण शाखा | - चालु आ.व. को दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक सरोकारवाला निकायहरूको सहभागितामा मिति २०८२/१०/२९ गते सम्पन्न गरिएको,<br>- मन्त्रालयबाट स्वीकृत तत्काल सुधार कार्ययोजना, २०८२ अनुसार काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको हालसम्मको प्रगति अवस्थाको जानकारी तथा आगामी दिनमा गर्नुपर्ने सहजीकरणका सन्दर्भमा सम्बन्धित मन्त्रालयका सचिवज्यूहरू, निर्देशक समितिका पदाधिकारी एवम् आयोजना प्रमुखलगायतको उपस्थितिमा मिति २०८२/१०/२२ गते समन्वय बैठक सञ्चालन गरिएको साथै जग्गा प्राप्ति, रुख कटान लगायतका आयोजनासम्बद्ध समस्या समाधानका लागि सहजीकरण गर्न सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत प्याकेज नं. ९A र ९B को Master Procurement List कानुनबमोजिम |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | अस्थायी पैठारीका गर्ने सम्बन्धमा सहजीकरणका लागि अर्थ मन्त्रालयमा लेखी पठाइएको,<br>- यस मन्त्रालयअन्तर्गत सञ्चालित एवम् व्यवस्थित राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको आगामी ३ वर्षको बहुवर्षीय स्रोत सुनिश्चितता सम्बन्धी विवरण राष्ट्रिय योजना आयोगमा पठाइएको,<br>- चालु आ.व. को प्रथम ६ महिनामा यस मन्त्रालय र अन्तर्गतबाट सम्पादन भएका कार्यक्रमहरूको अर्धवार्षिक प्रगति विवरण अर्थ मन्त्रालयमा पठाइएको,<br>- मिति २०८२ फागुन ५ गते सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा नीतिगत समन्वय तथा उच्चस्तरीय समितिको बैठक सम्पन्न भएको,<br>- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली,२०७७ को व्यवस्था बमोजिम योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख श्री कृष्ण पौडेलको संयोजकत्वमा मिति २०८२/१०/२८ को निर्णयानुसार बजेट समिति गठन गरी प्राप्त सिलिङ्गका आधारमा वार्षिक कार्यक्रम तयार गरी LMBIS मा प्रविष्टी गरिएको,<br>- आ.व. २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्मको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठकको निर्णय मिति २०८२ फागुन १० गते २१ वटा निकायहरू र ०७ वटा पदाधिकारीहरूलाई पठाइएको,<br>- वैदेशिक सहायतामा सञ्चालन भएका कार्यक्रमको विवरण मिति २०८२ फागुन १२ गते अर्थ मन्त्रालयमा पठाइएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) को DPR को तेस्रो संशोधन तथा आयोजनाको समयावधि थप गर्ने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८२ फागुन २५ गते प्रस्ताव पेस गरिएको,<br>- रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट भदौ २७ गते गठन भएको अन्तरिम सरकारको कार्यकालमा सम्पादन भएका प्रमुख कार्यहरूको विवरण मिति २०८२ फागुन २५ गते |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
| --- | --- | --- |
| | | मुख्यसचिवज्यूको सचिवालयमा पठाइएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) सँग सम्बन्धित भेरिएसन आदेश-५ सम्बन्धमा मन्त्रालयमा गठित समितिले जाँचबुझ गरी मिति २०८२/११/१५ गते श्रीमान् रक्षासचिवज्यूसमक्ष प्रतिवेदन पेस गरेको,<br>- मिति २०८२ फागुन १२ गते वार्षिक अनुगमन योजना, २०८२ स्वीकृत गरिएको,<br>- रक्षा मन्त्रालयबाट १०० दिनमा सम्पादन गर्न सकिने सुधारका क्रियाकलापहरूको विवरण मिति २०८२/१२/११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- मिति २०८२/१२/०८ मा आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विवरणहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- मिति २०८२/१२/१५ मा काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) सँग सम्बन्धित निर्णयसहितका सक्कल फाइलहरू सम्मानित सर्वोच्च अदालतमा पठाइएको,<br>- मिति २०८२/१२/२५ मा राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण राष्ट्रिय योजना आयोगमा पठाइएको,<br>- यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टी भई चालू आ.व. मा विनियोजित रकममध्ये हालसम्म कार्यान्वयनमा नगएका र बाँकी अवधिमा पनि कार्यान्वयन गर्न नसकिने जम्मा रू. ३०,७५,००० (अक्षरेपि: रूपैयाँ तीस लाख पचहत्तर हजार) बजेट समर्पण प्रस्तावका लागि अर्थ मन्त्रालयमा मिति २०८२/१२/२७ गते पत्राचार गरिएको,<br>- २०८२/१२/१५ गते आगामी वर्ष २०८३/८४ को बजेट एवम् मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६ ) को तयारी सम्बन्धी छलफलका लागि श्रीमान् सचिवज्यूसहित राष्ट्रिय योजना आयोगमा सहभागिता जनाइएको,<br>- नेपाल सरकार (म.प.) को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीअन्तर्गत बुँदा |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | नं. ४९ (ग) मा उल्लिखित विषयलाई समेत समावेश गर्दै सम्बन्धित निकाय/सरोकारवालहरूसँग समन्वय र सहकार्यमा आयोजनाको निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा सम्पन्न गर्ने व्यवस्था हुन र समस्या समाधानका लागि अन्तरमन्त्रालय समन्वय र सहजीकरण गर्नुपर्ने अवस्थामा यस मन्त्रालयमा लेखी पठाउने सम्बन्धमा नेपाली सेना प्रधान सेनापतिको कार्यालयमा मिति २०८२/१२/१९गते पत्राचार गरिएको,<br>- रक्षा मन्त्रालयको पाँच वर्षे रणनीतिक योजना तर्जुमा समितिको बैठकले योजनाको प्रारम्भिक मस्यौदा तयार गरेको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत कार्य सहमति (७५ जना) का लागि अध्यागमन विभाग, श्रम इजाजत ( १०० जना) का लागि श्रम तथा व्यवसायजन्य सुरक्षा बिभाग र गैरपर्यटक भिसा (५७ जना) का लागि अध्यागमन विभागमा पत्राचार गरिएको, |
| २ | शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा-९५५ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, ६५९ जनाको विशेष राहदानी सिफारिस, २ जनाको भिसाको लागि सिफारिस गरिएको<br>- संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा-८४ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, ४९ जनाको विशेष राहदानी सिफारिसको लागि निर्वाचन आयोगमा सहमतिको लागि पत्राचार गरिएको ।<br>- इटाली सरकारले नेपालका लागि गैर-आवासीय Defence Attache' पदमा Cap. (Navy) Armando Paolo SIMI लाई नियुक्तिका लागि प्रस्ताव गरेको सम्बन्धमा मिति २०८२।११।२७ (सचिवस्तर) को निर्णय अनुसार सकारात्मक राय श्री परराष्ट्र मन्त्रालयमा उपलब्ध गराइएको । |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - गणतन्त्र टर्कीएको सरकारले नेपालका लागि गैर-आवासीय सैनिक सहचारी (Military Attaché) पदमा Colonel Mustafa Pamuk लाई नियुक्तिका लागि प्रस्ताव गरेको सम्बन्धमा मिति २०८२।१२।१९ (सचिवस्तर) को निर्णय अनुसार सकारात्मक राय श्री परराष्ट्र मन्त्रालयमा उपलब्ध गराईएको<br>- United Nations Interim Force in Lebanon (UNIFIL) मिसन, Lebanon मा Deputy Force Commander (DFC) को नियुक्तिमा कार्यरत रहने सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।११।१२ मा गरेको निर्णय बमोजिम स्वीकृति प्रदान गरिएको ।<br>- शान्ति स्थापनार्थ १ जनवरीदेखि ३० जुन 2026 सम्मको United Nations Disengagement Observer Force (UNDOF) मिसनको लागि नेपालले योगदान गर्नुपर्ने आर्थिक दायित्व USD ६९२।०० (छसय बयानब्बे मात्र) र United Nations Support Office in Somalia (UNSOS) मिसनको लागि नेपालले योगदान गर्नुपर्ने आर्थिक दायित्व USD ५,२९८।०० (पाँचहजार दुईसय अन्ठानब्बे मात्र) दुवै मिसनको गरी कुल जम्मा USD ५,९९०।०० (पाँचहजार नौसय नब्बे मात्र) भुक्तानी गरिदिने सम्बन्धमा यस मन्त्रालयको मिति २०८२।१२।२४ (सचिवस्तर) को निर्णयानुसार श्री महालेखा नियन्त्रक कार्यालयमा पत्राचार गरिएको ।<br>- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. अन्तर्गत राष्ट्रिय सुरक्षा सम्बन्धी अनुभव भएका अवकाशप्राप्त राष्ट्रसेवकहरू (सैनिक तथा प्रहरी समेत) तथा राष्ट्रिय सुरक्षाका विषयमा विदेश/स्वदेशमा अध्ययन गरेका राष्ट्रसेवकहरूको अभिलेख तयार गर्न विवरण सङ्कलनको कार्य भइरहेको, |
| ३ | सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा | - सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ को लागि सम्पादक मण्डलको ६ वटा बैठक बसी प्राप्त २१ वटा लेखहरूमध्ये छपाईका लागि योग्य १५ वटा लेख/रचना छनौट तथा सम्पादन एंव formatting design मिलाई छपाईको लागि तयार अवस्थामा |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
| --- | --- | --- |
| | | रहेको,<br>- सूचनाको हकसम्बन्धी ऐनले गरेको व्यवस्था बमोजिम आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिमा भए गरेका कामको प्रगति विवरण (Pro-active Disclosure) सार्वजनिक गरिएको,<br>- मन्त्रालयबाट प्रत्येक महिना भए/गरेका कार्यहरू रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको,<br>- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये रक्षा मन्त्रालयसँग सम्बन्धित बुँदाहरू टिपोट गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को मिति २०८२/१२/२७ को पत्रानुसार प्रत्येक हप्ताको बिहीबार प्रगति विवरण पठाउने कार्य भएको,<br>- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्य पहिचान गरी कार्ययोजना तयार गरी कार्यान्वयनका लागि सम्बन्धित महाशाखा र अन्तर्गतका निकायमा पत्राचार गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मिति २०२२।१२।२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"** कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य २ (दुई) कार्य संकलन गरी htts://froms.gle/WEhZtDWaqFcDr8239 मा रिपोरिङ गरिएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय एंव सहजीकरण गरिएको,<br>- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) कार्यान्वयन गर्ने सम्बन्धमा प्रयोगकर्ता व्यवस्थापन (प्रयोगकर्ता सिर्जना, भूमिका व्यवस्थापन) लगायतमा आवश्यकता अनुसार सहजीकरण गरिएको,<br>- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मा Digital Signature प्रयोग गर्नको लागि कम्प्यूटर/ल्यापटपमा आवश्यक |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | सफ्टवेयर Installation र डिजिटल हस्ताक्षर (Digital Signature) सेटअप गर्ने कार्यमा सहजीकरण गरिएको,<br>- मन्त्रालयको वेबसाइट नियमित अद्यावधिक गरिएको, |

कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | कानून तथा फैसला कार्यान्वयन शाखा | - "राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा राय परामर्शको लागि नेपाली सेना २०८२।१२।१७ गते पुनः पठाइएको।<br>- "सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२" को मस्यौदा लोक सेवा आयोगको परामर्श लिन नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएकोले उक्त मस्यौदा परामर्शको लागि २०८२।१२।२५ गते लोक सेवा आयोग पठाइएको।<br>- "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास (समिति) (गठन) आदेशको मस्यौदामा समितिको कार्यावधि एक वर्ष थप गर्ने गरी तयार गरिएको "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (छैटौं संशोधन) (गठन) आदेश, २०८२" को मस्यौदा स्वीकृतिको लागि २०८२।१२।२४ गते नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने चरणमा रहेको।<br>- "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक" मा राय सहमतिका लागि शिक्षा, विज्ञान तथा प्रविधि मिति २०८२/०९/१३ मा र मिति २०८२/१२/२५ मा पत्राचार भएको।<br>- नेपाली सेनाका पदाधिकारीहरुको पदावधि थप, बढुवा, राजिनामा एवम् जग्गा रोक्का फुकुवालगायत १७ वटा विषयमा कानूनी राय/परामर्श पेश गरिएको। |
| २ | मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा | - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त श्री राष्ट्रिय मानव अधिकार आयोगको निर्णय कार्यान्वयनका लागि सिफारिस भई आएका ७ वटा पत्रहरु नेपाली सेनामा पत्राचार गरिएकोमा १ वटा पत्रको जवाफ प्राप्त गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।<br>- हेलो सरकारबाट प्राप्त १४ वटा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ३ वटा र अन्यत्रबाट प्राप्त २ वटा गरी जम्मा १९ |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | वटा उजुरी तथा गुनासोहरु नेपाली सेनामा पत्राचार गरिएको।<br>- हेलो सरकारबाट प्राप्त गुनासोमध्ये नेपाली सेनामा विभिन्न समयमा गरिएको पत्राचारबाट १५ वटा पत्रको जवाफ प्राप्त भएकोले ति जवाफ हेलो सरकारमा पठाइएको ।<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट 4th Cycle of UPR, Independent Expert on Protection against violence and discrimination based on sexual orientation and gender identity, Special Rapporteur on the right to development द्वारा दुईवटा विषयहरु (A) "Participátion in development" तथा (B)"Peace for development", Peace and Security and Right to Development, "The use of Mercenaries as a mean of violating human rights and impeding the exercise of the right of people to self-determination" र Prevention and Punishment of Crimes Against Humanity सम्बन्धी International Law Commission (ILC) ले तयार गरेको Draft Articles मा नेपाल सरकारको राय सुझाव वा धारणा पठाउने प्रयोजनको लागि यस मन्त्रालयमा प्राप्त ६ वटा पत्रहरुका सम्बन्धमा नेपाली सेनामा विवरण माग गरी पत्राचार गरिएकोमा तीमध्ये ३ वटाको जवाफ प्राप्त गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको<br>- मिति २०८२।१०।०४ गते बसेको SMT बैठकको निर्णय अनुसार विगत ५ वर्षमा संवैधानिक निकायले दिएका यस मन्त्रालयसँग सम्बन्धित सुझावहरूको कार्यान्वयनको अवस्थाबारे अध्ययन गर्न उपसचिव कुशला पौडेलको संयोजकत्वमा गठित कार्यदलले अध्ययन कार्य सम्पन्न गरी तयार गरेको सुझावसहितको प्रतिवेदन मिति २०८२।१२।३० गते श्रीमान् सचिवसमक्ष प्रतिवेदन पेस गरेको। |

व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा | - संवत् २०८२ साल फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा प्रभावकारी सुरक्षा प्रवन्ध, निर्वाचन |

| | | |
|---|---|---|
| | | सामग्री, मतपेटिकाको ढुवानी तथा सुरक्षा व्यवस्था गर्ने सम्बन्धमा निर्वाचन आयोग, गृह मन्त्रालयसमेतसँग आवश्यक समन्वय एवं नेपाली सेनामा पत्राचार गरिएको,<br>- रक्षा मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणालीको अन्तिम मस्यौदा तयार गरी छलफल सम्पन्न भएको।<br>- मन्त्रालय परिसरमा रहेको ढल व्यवस्थापन सम्बन्धी पूरानो समस्याको स्थायी समाधान गरिएको,<br>- विशिष्ट व्यक्तिहरुको सुरक्षा उडान तथा अन्य सुरक्षा प्रबन्ध (३१ पटक), हेली उद्धार (२१ पटक) तथा ड्रोन उडानको सहमति (१२ वटा) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय, निकायहरूसँग सहजीकरण गरिएको।<br>- मन्त्रालयको उच्च व्यवस्थापन समूह बैठक (SMT) ३ पटक र कर्मचारी बैठक ३ पटक सम्पन्न गरिएको,<br>- मन्त्रालयको लागि आवश्यक विद्युतीय स्कुटर, एसी तथा फर्निचर खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको। साथै, नियमित खरिद, जिन्सी व्यवस्थापन, सवारी साधन व्यवस्थापन, मर्मत सम्बन्धी कार्यहरू तथा मन्त्रालय परिसरको सरसफाई र सौन्दर्यीकरण सम्बन्धी कार्यहरू गरिएको। |
| २ | आर्थिक प्रशासन शाखा | - आर्थिक वर्ष २०८१/८२ को मन्त्रालयको अन्तिम लेखापरीक्षण सम्पन्न गरी २०८२/१२/०१ मा बहिर्गमन बैठक गरिएको ।<br>- आ.व. २०८२/८३ चैत्र महिनासम्म चालु खर्च ५०.९५% र पुँजीगत खर्च ८.७७% भएको। |
| ३ | खरिद व्यवस्थापन शाखा | - विभिन्न २४ जलविद्युत आयोजना, १ उद्योग तथा ५ सडक आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थको खरिद/आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको।<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको संख्या १९ (उन्नाइस)। |

२. नेपाली सेनाबाट सम्पादन भएका कामको विवरणः

यस मन्त्रालय अन्तर्गत नेपाली सेनाबाट सम्पादित कार्यहरुको आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक (माघ, फागुन र चैत्र) अवधिको विवरण पाना ९ (नौ) यसैसाथ संलग्न रहेको छ।

(ञ) प्रमुख र सूचना अधिकारीको नाम र पदः

| केदारनाथ शर्मा सचिव<br>४२११२८९ | सविता अर्याल<br>उपसचिव/सूचना अधिकारी<br>९७६८५४०४९२ |
|---|---|
|  |  |

(ट) ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड र नीतिहरुको सूचीः

- नेपालको संविधान
- राष्ट्रिय सुरक्षा नीति, २०७५
- राष्ट्रिय प्रतिरक्षा नीति, २०७७
- सैनिक ऐन, २०६३
- राष्ट्रिय सेवा दल ऐन, २०२७
- सैनिक सेवा नियमावली, २०६९
- सैनिक अल्पसेवा नियमावली, २०४१
- सैनिक अदालत नियमावली, २०६४
- सैनिक कल्याणकारी कोष नियमावली, २०६५
- सैनिक प्राविधिक सेवा नियमावली, २०७६
- भूतपूर्व सैनिक नियुक्ति (विशेष व्यवस्था) नियमावली, २०५९

- सैनिक प्रहरी सम्बन्धी नियमावली, २०५८
- सैनिक प्राड सेवा नियमावली, २०७४
- सैनिक विविध सेवा नियमावली, २०७४
- सैनिक हवाई सेवा नियमावली, २०७४
- रक्षा आर्थिक (कार्यविधि) नियमहरू, २०२२
- सैनिक नयाँ भर्ना नियमहरू, २०१९
- सैनिक (पाइनियर गण) भर्ना नियमहरू, २०२०
- सैनिक अस्पताल (व्यवस्था) नियमहरू, २०२३
- शान्ति सेना छनौट कार्यविधि, २०७५
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६
- सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४
- नेपाली सेना मानार्थ बढुवा र विशेष बढुवा सम्बन्धी कार्यविधि
- काठमाण्डौ—तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि—२०७४ (तेस्रो संशोधन)
- विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३
- रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

- प्रतिवेदन अवधिको खर्चको फाँटवारी पाना १२ (बाह्र) प्रतिवेदनसाथ संलग्न रहेको छ।

**(ड) तोकिए बमोजिमका अन्य विवरण:**

- अन्य विवरण नभएको।

**(ढ) अघिल्लो आर्थिक वर्षमा रक्षा मन्त्रालयबाट सञ्चालन भएका कार्यक्रम वा आयोजनाको प्रगति विवरण:**

- अघिल्लो आर्थिक वर्षमा यस मन्त्रालयबाट सञ्चालन भएका कार्यक्रम वा आयोजनाको प्रगति विवरण मन्त्रालयको वेबसाइटमा प्रकाशित गरिएको छ।

**(ण) रक्षा मन्त्रालयको वेबसाइट:**

- www.mod.gov.np

(त) रक्षा मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

- नेपाल सरकारको नीति र निर्देशन बमोजिम आवश्यकताअनुसार नेपाल सरकारको स्वीकृतीमा मित्रराष्ट्रद्वारा सञ्चालित तालिम, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रममा सहभागी हुने गरेको।

(थ) रक्षा मन्त्रालयले सञ्चालन गरेको मुख्य कार्यक्रम र सोको प्रगति विवरणः

- यस मन्त्रालयले सम्पादन गरेका मुख्य कार्यक्रम र सोको प्रगति विवरण बुदा नं. (झ) मा राखिएको छ ।

(द) रक्षा मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

- कानूनमा उल्लेख भए बमोजिम।

(ध) रक्षा मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

- यस त्रैमासिक अवधिमा निम्नानुसार सूचना प्रदान गरिएका छन्:

| क्र. सं. | सूचना माग गरिएको मिति र सूचना माग गर्ने व्यक्ति | सूचना माग भएको विषय | मन्त्रालयबाट सूचना प्रदान गरिएको पत्रको च.नं. र मिति | सूचना प्रदान गरिएको विषय | कैफियत |
|---|---|---|---|---|---|
| | मिति २०८२।९/२० श्री पदम महरा लगायत | मन्त्रालयमा रहेका रा.प अन.प्रथम श्रेणी क. अ. को विवरण | च.नं.: १७३४ मितिः२०८२/१०/०६ | सूचना उपलब्ध गराइएको सम्बन्धमा। | |
| १ | मितिः २०८२/१२/३ श्री ईन्द्र राउत, का.म.न.पा.-१० बुद्धनगर | २०१५ देखि २०२६ सम्म अमेरिका, चीन र भारतसँग नेपालले गरेका द्विपक्षीय तथा बहुपक्षीय संयुक्त सैन्य तालिमहरूको विवरण । | च.नं.:२६०३ मितिः२०८२/१२/१८ | सूचना उपलब्ध गराइएको सम्बन्धमा। | |

(न) सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः

- हालसम्म सूचना प्रकाशन सूचना पाटी र Website मा हुने गरेको।

परिशिष्ट "क"

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र ऐ. नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम. नेपाली सेना ।

सूचना सार्वजनिक गरेको अवधि. मिति २०८२ माघ, फाल्गुण र चैत्र ।

१. निकायको स्वरुप र प्रकृति. नेपाली सेना राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डताको संरक्षण तथा राष्ट्र र राष्ट्रवासीको सेवामा सदा समर्पित संस्था हो । नेपाली सेनाले नेपालको संविधानद्वारा निर्दिष्ट भूमिका पूरा गर्न देशका विभिन्न स्थान तथा तहमा संगठित भई आफ्नो जिम्मेवारी सम्पादन गर्दै आइरहेको छ ।

२. निकायको काम, कर्तव्य र अधिकार

(क) पहिलो कार्य. नेपालको संविधान २०७२ को धारा २६७ (१) ले निर्दिष्ट गरे बमोजिम नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने ।

(ख) दोस्रो कार्य. नेपालको संविधानको धारा २६७ (४) ले निर्दिष्ट गरे बमोजिम नेपाल सरकारको निर्देशनमा विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यहरुमा परिचालन एवं राष्ट्रिय सुरक्षा नीति, २०७५ तथा राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ ले तोकेका अन्य जिम्मेवारीहरु वहन गर्ने ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण. नेपाली सेनाले नेपाल सरकारबाट स्वीकृत सङ्ख्या तथा दरबन्दी अनुसार राष्ट्रको सेवामा रही माथि उल्लेखित कार्यहरु सु-सम्पन्न गर्दै आएको छ ।

४. निकायबाट प्रदान गरिने सेवा

(क) नेपालको संविधान २०७२ तथा सैनिक ऐन, २०६३ बमोजिम प्राप्त जिम्मेवारी तथा निर्देशनहरुलाई निर्दिष्ट रुपमा पालना गर्दै नेपाली सेनाले विकास निर्माण, वन्यजन्तु तथा वन सम्पदाको संरक्षण, पर्यावरण संरक्षण, विपद् व्यवस्थापन, जनहितका कार्य, स्वास्थ्य शिविर, प्रकोप उद्धार कार्यमा सक्रिय भई विभिन्न क्षेत्रमा सेवा पुऱ्याउँदै आइरहेको छ । यसका साथै विश्व शान्ति स्थापना कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ । देशको सुरक्षाको लागि सदैव तयारी हालतमा रहेको छ ।

(ख) नेपाली सेनाको काम र कर्तव्यलाई असरदार रुपमा सम्पादन गर्न वार्षिक तालिम योजना अनुसार निरन्तर तालिम तथा अभ्यासहरुबाट पेसागत दक्षता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिँदै आइरहेको छ ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी. नेपाली सेनाको स्वदेश तथा शान्ति स्थापना कार्यको लागि विदेशमा समेत तैनाथ रहेका विभिन्न युनिट र उक्त युनिटका युनिटपतिहरु ।

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि. सेवा प्रदान गरिए बापत सेवा शुल्क तथा अन्य कुनै पनि शुल्कहरु लिने गरिएको छैन । सेवा प्रदान गर्ने अवधिको सम्बन्धमा सकेसम्म छिटो सेवा प्रदान गर्ने गरिएको छ ।

७. <u>निर्णय गर्ने प्रक्रिया र अधिकार</u>. कुनै पनि सूचना प्राप्त भएमा सोको विस्तृत अध्ययन, विश्लेषण तथा अनुसन्धान गरी गोपनियतालाई प्राथमिकतामा राखी नेपालको संविधान २०७२, सैनिक ऐन, २०६३ तथा सो अन्तर्गत बनेका नियमहरुको परिधिभित्र रही प्रक्रियागत रुपमा तहगत सैनिक नेतृत्वसमक्ष प्रतिवेदन पेस गरी आवश्यक निर्णय गरिँदै आइरहेको छ ।

८. <u>निर्णय उपर उजुरी सुन्ने अधिकारी</u>. सैनिक ऐन, २०६३ तथा सैनिक सेवा नियमावली, २०६९ मा भएको व्यवस्था अनुसार स्थान विशेषका सम्बन्धित युनिटपति (कमाण्डिङ्ग अधिकृत) हुँदै तहगत रुपमा प्रधान सेनापति तथा नेपाल सरकार रहने । सो कार्यलाई प्रभावकारी बनाउनको लागि जङ्गी अड्डा अन्तर्गत श्री शिकायत जाँच महाशाखा मार्फत कार्य सम्पादन गर्ने गरिएको छ ।

९. <u>सम्पादन गरेको कामको विवरण</u>. नेपाली सेनाका विभिन्न युनिटहरुबाट विकास निर्माण, काठमाडौं-तराइ/मधेश द्रुतमार्गको निर्माण, राष्ट्रिय निकुञ्ज तथा प्रकृति संरक्षण, राष्ट्रपति चुरे संरक्षण अभियानलाई निरन्तरता दिँदै संरक्षण, विपद् व्यवस्थापन, जनहितका कार्य, शान्ति स्थापना लगायत नेपाल सरकारबाट तोकिएका अन्य जिम्मेवारीहरु वहन गर्ने गरिएको छ ।

१०. <u>सूचना अधिकारी र प्रमुखको नाम र पद</u>. सहायक रथी श्री राजाराम बस्नेत मोबाईल नम्बर ९८५१०८३२८८, फोन नम्बर ०१-५९७९३५० ।

११. <u>ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</u>. सैनिक ऐन, २०६३ र यस अन्तर्गत जारी भएका विभिन्न सैनिक नियमावली, कार्यविधि र निर्देशिकाहरु रहेका छन् ।

१२. <u>आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण</u>

(क) नेपाली सेनालाई चालु र पुँजीगत खर्च अन्तर्गत विनियोजन भएको बजेट रकमहरु आर्थिक ऐन नियमको परिधिभित्र रही सम्बन्धित शीर्षकमा खर्च गरी सो को फाँटवारी तोकिएको मितिमा नेपाल सरकारको सम्बन्धित निकायमा पेस गर्नुको साथै नेपाली सेनाले सम्पन्न गरेको कार्यहरुको वार्षिक प्रतिवेदन हरेक वर्षको श्रावण महिनामा श्री रक्षा मन्त्रालयमा पठाउने गरिएको छ ।

(ख) नेपाली सेनालाई चालु आ.व. २०८२/८३ मा रक्षा बजेट तर्फ प्राप्त खुद बजेटको २०८२ चैत्र मसान्तसम्म चालु खर्च तर्फ ७३.७६ प्रतिशत, पुँजीगत खर्च तर्फ ३०.१८ प्रतिशत र जम्मा ६९.६३ प्रतिशत खर्च प्रगति हासिल भएको ।

१३. <u>तोकिए बमोजिमका अन्य विवरण</u>. माग भई आए अनुसारको सूचना तथा अन्य विवरणहरु सम्बन्धितलाई लिखित तथा मौखिक रुपमा तोकिएकै समयमा उपलब्ध गराउँदै आइरहेको छ ।

१४. <u>अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण</u>. गत आर्थिक वर्ष तथा यस आर्थिक वर्षमा संचालन भएका कार्यक्रम वा आयोजनाको विवरण बुँदा नं. १७ मा विस्तृतमा उल्लेख गरिएको ।

१५. <u>सार्वजनिक निकायको **Website** भए सोको विवरण</u>. www.nepalarmy.mil.np

१६. <u>सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण.</u> नेपाल सरकारको नीति र निर्देशनबमोजिम आवश्यकता अनुसार नेपाल सरकारको

स्वीकृति/समन्वयमा वैदेशिक सहायता एवं प्राविधिक सहयोगमा तालिम, विपद् व्यवस्थापन लगायत अन्य कार्य गर्ने गरिएको ।

१७. <u>सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन</u>. नेपाली सेना सहभागी भई सञ्चालन भइरहेका विकास निर्माण सम्बन्धी कार्यहरुको प्रगति बिवरण निम्नानुसार रहेको ।

(क) <u>कर्णाली करिडोर (लालिबगर-दुल्लीकुन्ना, घाटपारीचौर-बद्रीगाउं-भुक्काखोला खण्ड) सडक आयोजना (२२.०५ कि.मि.)</u>. नेपाली सेनाबाट गत आ.व. २०८१/८२ को अन्त्यसम्म कूल १६ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको थियो । चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्म थप ०.८४० कि.मि. ट्र्याक स्तरोन्नतिको कार्य र ०.४४० कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १६.४४० कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ ।

(ख) <u>बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक आयोजना (९२ कि.मि.)</u>. गत आ.व. २०८१/८२ को अन्त्यसम्म कूल ४० कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको थियो । चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्म थप ०.४०० कि.मि. ट्र्याक स्तरोन्नतिको कार्य र ०.८०० कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल ४०.८ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ ।

(ग) <u>उत्तर दक्षिण कोशी सडक खाँदबारी किमाथांका (च्याम्ताङ्ग-घोडघप्पा खण्ड) सडक आयोजना (१०.५१ कि.मि)</u>. गत आ.व. २०८१/८२ को अन्त्यसम्म कूल १०.५१ कि.मि. नयाँ ट्र्याक निर्माण ब्रेक थु भएको थियो । चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्म थप ४.३१ कि.मि. ट्र्याक स्तरोन्नतिको कार्य सम्पन्न भएको छ। साथै नेपाली सेनालाई प्राप्त जिम्मेवारी (१०.५१ कि.मि.) सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको छ ।

(घ) <u>दार्चुला-टिंकर सडक आयोजना (७९ कि.मि.)</u>. गत आ.व. २०८१/८२ को अन्त्यसम्म कूल १७.५ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको थियो । चालु आ.व. २०८२/८३ को चैत्र मसान्तसम्म थप ०.५९० कि.मि. ट्र्याक स्तरोन्नतिको कार्य र १.८ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १९.३ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ ।

(ङ) <u>राष्ट्रिय चुरे संरक्षण आयोजना</u>

(१) <u>तालतलैया संरक्षण तथा व्यवस्थापन</u>

(कक) आ.व.२०८२/८३ मा तालतलैया संरक्षण तथा व्यवस्थापन अन्तरगत श्री नं.१ वन तथा पर्यावरण सुरक्षा गणबाट (सतपत्रे ताल-सिराह, भोकरदह ताल-ससरी र लक्ष्मिपुर ताल -ससरी) को स्वीकृत निर्माण कम्पनीहरुबाट हाल उक्त तालतलैयाहरुमा पानी सुकाई खन्ने तथा सम्याउने कार्य अन्तिम चरणमा पुगेको ।

(कख) आ.व.२०८२/८३ मा तालतलैया संरक्षण तथा व्यवस्थापन अन्तरगत श्री नं.२ वन तथा पर्यावरण सुरक्षा गणबाट (बर्दघाट-१६, मुरली टांडी नवलपरासी (ब.सु.प) र नवलपरासी (ब.स.पू.) जिल्ला देवचुली न.पा.-९, घुमौरी स्थित घुमौरी

खोलामा बाध बाधी ताल निर्माण) को लागि बिनियोजित बजेट रोक्का भएकोले कुनै पनि कार्य प्रारम्भ नभएको ।

(२) तारबार सहितको बृक्षारोपण

(कक) श्री नं.२ वन तथा पर्यावरण सुरक्षा गण अन्तरगत (बर्दघाट न.पा. १६ केरावारी नवलपरासी) मा १५ हेक्टर खाली जमिनमा तारबार सहितको बृक्षारोपणका लागि हाल झाडी फडानी गर्ने कार्य सम्पन्न भई ८८२ मिटर तारबारको लागि पोल गाडने कार्य भई रहेको ।

(कख) श्री नं.१ वन तथा पर्यावरण सुरक्षा गण अन्तरगत धनगडिमाई न.पा.१२/१३ गड्मे सिराहमा १०० हेक्टर जमिनमा तारबार सहितको बृक्षारोपणका लागि विनियोजित बजेट हाल रोक्का भएकोले कार्य प्रारम्भ गर्न नसकिएको ।

(च) काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना

(१) आयोजनाको समष्टिगत प्रगति. आयोजनाको २०८२ चैत्र मासान्तसम्मको समष्टिगत भौतिक प्रगति ४६.८८ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४६.५२ प्रतिशत (मोविलाईजेशन सहित) रहेको ।

(२) खरिद व्यवस्थापन

(कक) आयोजनाको समष्टिगत कार्ययोजना (Holistic Plan) अन्तर्गत रहेका १३ वटा निर्माण प्याकेजहरु मध्ये हालसम्म प्याकेज नं. १, २, ३, ४, ५, ६, ७, ८क, ८ख, ९क, ९ख र १० निर्माणाधीन तथा कार्यान्वयनको चरणमा रहेको ।

(कख) प्याकेज नं. ११ अन्तर्गत पर्ने खोकना-डुकुछाप खण्डमा जग्गा अधिग्रहण सम्बन्धी समस्या साथै द्रुतमार्गका सवारी आवागमन व्यवस्थापन सम्बन्धमा निर्णय बाँकी रहेकोले खरिद प्रक्रिया शुरु हुन बाँकी रहेको । हालसम्म स्वीकृत DPR बमोजिम खोकना बुँगमती इलाकामा मूल्य निर्धारण भई अधिग्रहण हुन बाँकी व्यक्तिगत जग्गा १३५-०-१-३, गुठीका जग्गा १४-१३-०-३ र मूल्य निर्धारण हुन बाँकी जग्गा १६५-६-०-३ रोपनी रहेको ।

(३) सुरुङ निर्माण कार्य प्रगति. आयोजना अन्तर्गतका जम्मा ७ वटा सुरुङ्गमार्गको कुल लम्बाइ १०.९७९ किलोमिटर रहेको । उक्त सुरुङ्गहरुको प्रगति विवरण निम्नानुसार रहेको ।

| सि.नं. | सुरुङ्ग | जम्मा लम्बाई | निर्माण प्रगति | Secondary Lining को कार्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | महादेवटार सुरुङ | Left Tunnel: ३,४८६ मिटर | २,९२१ मिटर | १,६८४ मिटर | ८३ प्रतिशत खन्ने कार्य सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | (जम्मा लम्बाइ ३३५५ मिटर) | Right Tunnel: ३,४२२ मिटर | २,४६७ मिटर | ९८५ मिटर | ७२ प्रतिशत खन्ने कार्य सम्पन्न |
| २. | धेद्रे सुरुङ (जम्मा लम्बाइ १६९० मिटर) | Left Tunnel: १,७२८ मिटर | Breakthrough भएको | १,१८७ मिटर | |
| | | Right Tunnel: १,६५३ मिटर | Breakthrough भएको | १,१७१ मिटर | |
| ३. | लेनडाँडा सुरुङ (जम्मा लम्बाइ १६२२ मिटर) | Left Tunnel: १,६३३ मिटर | Breakthrough भएको | १,५५५ मिटर | |
| | | Right Tunnel: १,६१२ मिटर | Breakthrough भएको | १,६०४ मिटर | |
| ४. | चन्द्राम भीर सुरुङ | Left Tunnel: २,२१३ मिटर | ३९८ मिटर | - | |
| | | Right Tunnel: २,२६१ मिटर | ३२० मिटर | - | |
| ५. | देवीचौर सुरुङ | Left Tunnel: १,०७५ मिटर | ७२ मिटर | - | |
| | | Right Tunnel: १,१०० मिटर | Portal को कार्य भइरहेको | - | |
| ६. | सिसौटार सुरुङ | Left Tunnel: ५६० मिटर | Portal को कार्य भइरहेको | - | |
| | | Right Tunnel: ४८० मिटर | ४५ मिटर | - | |
| ७. | मौरी भीर सुरुङ | Left Tunnel: ६६३ मिटर | Portal को कार्य भइरहेको | - | |
| | | Right Tunnel: ५३५ मिटर | Portal को कार्य भइरहेको | - | |

(४) <u>पुल निर्माण कार्य प्रगति</u>

(कक) आयोजना अन्तर्गत रहेका जम्मा ८९ स्थानका पुलहरुमध्ये ८५ स्थानका पुलहरुको ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेको तथा बाँकी ४ स्थानका पुलहरु जग्गा अधिग्रहण सम्बन्धी समस्या रहेको खोकना खण्डमा अवस्थित रहेको ।

(कख) जम्मा ८९ स्थानका पुलहरुमध्ये हालसम्म ५६ स्थानका पुलहरुको Foundation, ३८ स्थानका पुलहरुको Sub Structure र १६ स्थानका पुलहरुको Super Structure को कार्य सम्पन्न भएको ।

(५) <u>सडक निर्माण कार्य प्रगति</u>

(कक) सडक निर्माण अन्तर्गत ११.०२ किलोमिटर Sub Base, ५.५ किलोमिटर Base र ०.२ कि. मि. कालोपत्रे सम्पन्न भएको । सभिर्स लेनमा ५ किलोमिटर सडकको कालोपत्रे सम्पन्न भएको ।

(कख) विभिन्न स्थानहरुमा Slope Protection, Box Culvert, Optical Fiber Duct, Electrification Accessories Duct, लगायतका संरचनाहरु निर्माण कार्य भइरहेको ।

(६) <u>अन्य कार्यहरुको प्रगति विवरण</u>

(कक) निजगढ इलाकामा Animal Under Pass को Superstructure को कार्य सम्पन्न भएको ।

(कख) द्रुतमार्गको निजगढ इलाकामा टोल प्लाजा तथा इन्टरचेन्ज निर्माण कार्य भइरहेको ।

(कग) हालसम्म जम्मा ५४,१५१ वटा रुख कटान सम्पन्न भएको ।

(७) <u>जग्गा अधिग्रहण</u>. द्रुतमार्गको २४.८ किलोमिटर देखि ७०.९७७ किलोमिटरसम्म पर्ने जग्गाहरुको अधिग्रहण सम्पन्न भई निर्माण भइरहेको । ६.५ किलोमिटर देखि २४.८ किलोमिटर खण्डमा सुरुङ्गमार्ग, Slope Protection, River Training निर्माण कार्यको लागि आवश्यक पर्ने देहायब मोजिमको विभिन्न नम्बरी जग्गाहरु अधिग्रहणको लागि नेपाल सरकारको स्वीकृति भई अधिग्रहणको क्रममा रहेको ।

(क) काठमाण्डौ जिल्लामा रेखाङ्कन परिवर्तन तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि थप आवश्यक <u>१२८-२-०-२.५५</u> रोपनी नम्बरी जग्गा तथा विभिन्न जग्गाहरुमा निर्मित भौतिक संरचनाहरुको क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा मूल्य निर्धारण सम्पन्न भई हालसम्म करिव ५० प्रतिशत जग्गाहरुको मुआब्जा वितरण गरिएको ।

(ख) ललितपुर जिल्लामा सुरुङ्गमार्ग तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि थप आवश्यक <u>५४-११-३-१.८२</u> रोपनी नम्बरी जग्गाहरुको मूल्य निर्धारण प्रक्रियामा रहेको ।

(ग) मकवानपुर जिल्लामा सुरुङ्गमार्ग तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि थप आवश्यक <u>२८-१५-३-१.१९</u> रोपनी नम्बरी जग्गाहरुको मूल्य निर्धारण प्रक्रियामा रहेको ।

(८) <u>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA)</u>

(कक) निर्माणको क्रममा रेखाङ्कन अनुकूलन तथा परिमार्जित डिजाइन बमोजिम पूर्व निर्धारित मार्गाधिकार भन्दा बाहिरको थप जग्गा अधिग्रहण तथा रुख कटानको लागि SEIA स्वीकृति गर्ने गरिएको । द्रुतमार्गको ३५ किलोमिटर देखी ४९ किलोमिटर सम्म पर्ने रानीसेरा तथा बुदुने खण्डको SEIA प्रतिवेदन २०८१।०१।०७ गतेको वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भएको । त्यसैगरि, मिति २०८१।०५।२० गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय

बमोजिम उक्त सडक खण्ड निर्माणको लागि वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम मकवानपुर जिल्लाको मकवानपुरगढी गाँउपालिका वडा नं. १, हेटौंडा उपमहानगपालिका वडा नं. १८ र बकैया गाँउपालिका वडा नं. ५ मा रहेको राष्ट्रिय वनको कुल जम्मा ५१.८७१ हेक्टर जग्गा प्रयोग गर्न दिन र सो वनमा रहेका विभिन्न प्रजातिका २७,७४८ गोटा रुख/पोल कटान गर्ने स्वीकृति दिने निर्णय भएकोमा हालसम्म २२,१९७ रुखहरु कटान सम्पन्न भइसकेको ।

(कख) त्यसैगरि, द्रुतमार्गको ६.५ किलोमिटर देखी २४ किलोमिटरमा पर्ने मख्खुबेशी, देवीचौर, सिसौटार, सिस्नेरी र महादेवटार खण्डको SEIA प्रतिवेदन मिति २०८२।०३।०१ गतेको वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तरीय) को निर्णय बमोजिम स्वीकृत भई मिति २०८२।१२।२४ गते नेपाल सरकारबाट जग्गा भोगाधिकार तथा रुख कटान स्वीकृति प्राप्त भएको ।

(९) <u>आयोजनाको आर्थिक विवरण</u>. परिमार्जित विस्तृत आयोजना प्रतिवेदन बमोजिम आयोजनाको कुल लागत २ खर्ब ११ अर्ब ९३ करोड (Contingency, Physical Contingency र Price Escalation सहित) रहेको ।

| सि. नं. | आ.व. ०८२/८३ को लागि विनियोजित बजेट | आ.व. ०८२/८३ को हालसम्मको खर्च रकम | आयोजनाको हालसम्मको समष्टिगत खर्च | कै. |
|---|---|---|---|---|
| १. | २४,४९,४७,००,००० | ४,५९,६३,०२,०५७.७१ | ८५ अर्ब १४ करोड | |
| नोटः जग्गा खरिदको लागि दिइएको पेश्की रु १ अर्ब ६५ करोड तथा निर्माण व्यवसायीलाई पेश्की दिइएको ८२.३७ करोड र विद्युत प्राधिकरणको लागि पेश्कि दिइएको रकम रु ९.८१ करोड सहित कुल २ अर्ब ५७ करोड राजश्व दाखिला गरिएको रकम समेत समावेश गरिएकोले आयोजनाको खुद खर्च ७७ अर्ब ९७ करोड रहेको । | | | | |

(१०) <u>हाल निर्माणाधीन प्याकेजहरुको कार्य प्रगति विवरण</u>

(कक) प्याकेज नं. ८क (६.५ देखि ११.१ कि.मि.) : ८.२३ प्रतिशत
(कख) प्याकेज नं. ८ख (११.१ देखि १६.१ कि.मि.) : ८.३३ प्रतिशत
(कग) प्याकेज नं. ९क (१६.१ देखि १८ कि.मि.) : ३.७२ प्रतिशत
(कघ) प्याकेज नं. ९ख (१८ देखि २०.७ कि.मि.) : २.७४ प्रतिशत
(कङ) प्याकेज नं. १० (२०.७ देखि २४.८ कि.मि.) : १३.९८ प्रतिशत
(कच) प्याकेज नं. १ (२४.८ देखि २९.१ कि.मि.) : ४१.२५ प्रतिशत
(कछ) प्याकेज नं. २ (२९.१ देखि ३३.७ कि.मि.) : ६९.०६ प्रतिशत
(कज) प्याकेज नं. ७ (३३.७ देखि ३८.१ कि.मि.) : २०.६१ प्रतिशत
(कझ) प्याकेज नं. ६ (३८.१ देखि ४८.२ कि.मि.) : २१.९२ प्रतिशत
(कञ) प्याकेज नं. ३ (४८.२ देखि ५५.८ कि.मि.) : ५३.०६ प्रतिशत
(कट) प्याकेज नं. ४ (५५.८ देखि ६३.६ कि.मि.) : ४५.३८ प्रतिशत
(कठ) प्याकेज नं. ५ (६३.६ देखि ७०.९ कि.मि.) : ५१.४३ प्रतिशत

(छ) <u>सहुलियतपूर्ण आवास कर्जा सम्बन्धी विवरण</u>

(१) <u>सैनिक सकलदर्जा सहिलयतपूर्ण आवास कर्जा २०७८.</u> "प्रधान सेनापति कमाण्ड नीति तथा मार्ग निर्देशन २०७८" ले निर्दिष्ट गरे अनुरुप सेवा निवृत्त हुँदासम्म सकलदर्जाले न्यूनतम सुविधा सहितको निजी आवास व्यवस्थाको लागि सहुलियतपूर्ण ऋण सुविधा उपलब्ध गराउने उद्देश्यले कार्यान्वयनमा ल्याईएको "सैनिक सकलदर्जा सहुलियतपूर्ण आवास कर्जा २०७८" कार्यक्रम अन्तर्गत मिति २०८२ साल माघ, फाल्गुन र चैत्रसम्ममा लाभान्वित भएका तथा उक्त कर्जा लिनको लागि हाल प्रकृयामा रहेका सकलदर्जाहरुको बिवरण निम्न अनुसार रहेको।

| सि.नं. | दर्जा | सिफारिस संख्या | ऋण प्रास गर्नेको संख्या | कै. |
|---|---|---|---|---|
| १ | अधिकृत | २२१ | १८६ | |
| २ | पदिक | ४८२ | ४०७ | |
| ३ | अन्यदर्जा | १२३९ | १०१७ | |
| जम्मा | | १९४२ | १६१० | |

(२) <u>घडेरी कर्जा सम्बन्धी</u>. नेपाली सेनाका बहालवाला सकलदर्जालाई बचत तथा लगानीमा अभ्यस्त बनाउँदै सहयोग पुऱ्याउने उद्देश्यले कार्यान्वयनमा ल्याईएको सैनिक सकलदर्जा सहुलियतपूर्ण घडेरी कर्जा २०८१ कार्यक्रम अन्तर्गत २०८२ पौष महिनासम्ममा लाभान्वित भएका तथा उक्त कर्जा लिनको लागि हाल प्रकृयामा रहेका सकलदर्जाहरुको विवरण निम्न अनुसार रहेको ।

| सि.नं. | दर्जा | सिफारिस संख्या | ऋण प्रास गर्नेको संख्या | कै. |
|---|---|---|---|---|
| १ | अधिकृत | १४ | ७ | |
| २ | पदिक | ३४ | १२ | |
| ३ | अन्यदर्जा | १४९ | ५९ | |
| जम्मा | | १९७ | ७८ | |

१८. <u>सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि</u>. सूचनाको महत्व र यसबाट पर्ने प्रभावको आधारमा सूचनाको वर्गीकरण गरिएको । साथै, नेपाली सेनाले गर्ने कतिपय काम कारबाहीहरु सुरक्षाको दृष्टिकोणबाट संवेदनशील हुने भएकोले सूचनाको वर्गीकरण गरी सूचनाको प्रयोग तथा सुरक्षा गर्ने गरिएको ।

१९. <u>सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको बिषय</u>. मौखिक तथा लिखितरुपमा माग गरिएका सूचनाहरु सम्बन्धितलाई उपलब्ध गराइएको ।

२०. <u>सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण</u>. यस अवधिमा नेपाली सेनाद्वारा भए गरेका कार्यहरुबारे आवश्यकता अनुसार प्रेस विज्ञप्ति एवं पत्रकार सम्मेलन सञ्चालन गरी सर्वसाधारणलाई सु-सूचित गराउनुको साथै सैनिक रेडियो तथा टेलिभिजन कार्यक्रम, सिपाही पाक्षिक, Facebook, Twitter, You Tube च्यानल तथा Website बाट प्रगति प्रतिवेदन बारेमा जानकारी गराउने गरिएको । यसरी सम्प्रेषित सूचनाहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमहरुबाट समेत प्रकाशन तथा प्रसारण हुने गरेको ।

(राजाराम बस्नेत)
सहायक रथी
निर्देशक

नेपाल सरकार

रक्षा मन्त्रालय

कार्यालय कोड नं : ३४५००३५०१

## खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३४५०००११३

आयोजना/कार्यक्रम नाम: रक्षा मन्त्रालय

आर्थिक वर्ष: २०८२/८३

महिना: माघ

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **21111 पारिश्रमिक कर्मचारी** | | | | | **४४,३००,०००.००** | **२५,३०९,०८५.४०** | **२२,११९,६४२.००** | **३,१८९,४४३.४०** | **२५,३०९,०८५.४०** | **०.००** | **२५,३०९,०८५.४०** | **१८,९९०,९१४.६०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४४,३००,०००.०० | २५,३०९,०८५.४० | २२,११९,६४२.०० | ३,१८९,४४३.४० | २५,३०९,०८५.४० | ०.०० | २५,३०९,०८५.४० | १८,९९०,९१४.६० |
| **21112 पारिश्रमिक पदाधिकारी** | | | | | **४,८००,०००.००** | **५५७,१२८.००** | **५५७,१२८.००** | **०.००** | **५५७,१२८.००** | **०.००** | **५५७,१२८.००** | **४,२४२,८७२.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४,८००,०००.०० | ५५७,१२८.०० | ५५७,१२८.०० | ०.०० | ५५७,१२८.०० | ०.०० | ५५७,१२८.०० | ४,२४२,८७२.०० |
| **21121 पोशाक** | | | | | **६००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **६००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० |
| **21132 महंगी भत्ता** | | | | | **३,१५१,६६७.००** | **२,००१,६६७.००** | **१,७१६,६६७.००** | **२८५,०००.००** | **२,००१,६६७.००** | **०.००** | **२,००१,६६७.००** | **१,१५०,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,१५१,६६७.०० | २,००१,६६७.०० | १,७१६,६६७.०० | २८५,०००.०० | २,००१,६६७.०० | ०.०० | २,००१,६६७.०० | १,१५०,०००.०० |
| **21134 कर्मचारीको बैठक भत्ता** | | | | | **५००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **५००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| **21139 अन्य भत्ता** | | | | | **२००,०००.००** | **२८,७७५.००** | **१७,०००.००** | **११,७७५.००** | **२८,७७५.००** | **०.००** | **२८,७७५.००** | **१७१,२२५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | २८,७७५.०० | १७,०००.०० | ११,७७५.०० | २८,७७५.०० | ०.०० | २८,७७५.०० | १७१,२२५.०० |
| **21142 पदाधिकारी अन्य सुविधा** | | | | | **१००,०००.००** | **५,४००.००** | **५,४००.००** | **०.००** | **५,४००.००** | **०.००** | **५,४००.००** | **९४,६००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ५,४००.०० | ५,४००.०० | ०.०० | ५,४००.०० | ०.०० | ५,४००.०० | ९४,६००.०० |
| **21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च** | | | | | **५००,०००.००** | **१८६,७८८.८२** | **१५८,१६९.४८** | **२८,६१९.३४** | **१८६,७८८.८२** | **०.००** | **१८६,७८८.८२** | **३१३,२११.१८** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | १८६,७८८.८२ | १५८,१६९.४८ | २८,६१९.३४ | १८६,७८८.८२ | ०.०० | १८६,७८८.८२ | ३१३,२११.१८ |
| **21213 योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **३००,०००.००** | **१६०,४००.००** | **१३७,६००.००** | **२२,८००.००** | **१६०,४००.००** | **०.००** | **१६०,४००.००** | **१३९,६००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १६०,४००.०० | १३७,६००.०० | २२,८००.०० | १६०,४००.०० | ०.०० | १६०,४००.०० | १३९,६००.०० |
| **22111 पानी तथा बिजुली** | | | | | **२,८००,०००.००** | **९८१,१३८.००** | **७६४,८१५.००** | **२१६,३२३.००** | **९८१,१३८.००** | **०.००** | **९८१,१३८.००** | **१,८१८,८६२.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,८००,०००.०० | ९८१,१३८.०० | ७६४,८१५.०० | २१६,३२३.०० | ९८१,१३८.०० | ०.०० | ९८१,१३८.०० | १,८१८,८६२.०० |
| **22112 संचार महसुल** | | | | | **४००,०००.००** | **३१,०२९.००** | **२५,७३७.००** | **५,२९२.००** | **३१,०२९.००** | **०.००** | **३१,०२९.००** | **३६८,९७१.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | ३१,०२९.०० | २५,७३७.०० | ५,२९२.०० | ३१,०२९.०० | ०.०० | ३१,०२९.०० | ३६८,९७१.०० |
| **22211 इन्धन (पदाधिकारी)** | | | | | **१,३००,०००.००** | **१६५,२७५.००** | **१६५,२७५.००** | **०.००** | **१६५,२७५.००** | **०.००** | **१६५,२७५.००** | **१,१३४,७२५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,३००,०००.०० | १६५,२७५.०० | १६५,२७५.०० | ०.०० | १६५,२७५.०० | ०.०० | १६५,२७५.०० | १,१३४,७२५.०० |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **22212 इन्धन (कार्यालय प्रयोजन)** | | | | | **४,३००,०००.००** | **२,१५८,०२०.००** | **१,८७९,५७१.००** | **४३१,६८७.००** | **२,३११,२५८.००** | **३००,०००.००** | **२,०११,२५८.००** | **१,९८८,७४२.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४,३००,०००.०० | २,१५८,०२०.०० | १,८७९,५७१.०० | ४३१,६८७.०० | २,३११,२५८.०० | ३००,०००.०० | २,०११,२५८.०० | १,९८८,७४२.०० |
| **22213 सवारी साधन मर्मत खर्च** | | | | | **३,२००,०००.००** | **७९७,६६३.००** | **७८१,५६३.००** | **१६,१००.००** | **७९७,६६३.००** | **०.००** | **७९७,६६३.००** | **२,४०२,३३७.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,२००,०००.०० | ७९७,६६३.०० | ७८१,५६३.०० | १६,१००.०० | ७९७,६६३.०० | ०.०० | ७९७,६६३.०० | २,४०२,३३७.०० |
| **22214 बीमा तथा नवीकरण खर्च** | | | | | **९००,०००.००** | **४११,५७५.००** | **४११,५७५.००** | **०.००** | **४११,५७५.००** | **०.००** | **४११,५७५.००** | **४८८,४२५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९००,०००.०० | ४११,५७५.०० | ४११,५७५.०० | ०.०० | ४११,५७५.०० | ०.०० | ४११,५७५.०० | ४८८,४२५.०० |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **१,०००,०००.००** | **३६०,२८८.००** | **२५९,२९४.००** | **१००,९९४.००** | **३६०,२८८.००** | **०.००** | **३६०,२८८.००** | **६३९,७१२.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,०००,०००.०० | ३६०,२८८.०० | २५९,२९४.०० | १००,९९४.०० | ३६०,२८८.०० | ०.०० | ३६०,२८८.०० | ६३९,७१२.०० |
